# सुपरमाई हाइड्रोपावर लिमिटेड

# Supermai Hydropower Limited

रजिष्टर्ड कार्यालयः
काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. ३०, ज्ञानेश्वर, काठमाण्डौ, फोन नं. ०१-४४४११३७
इमेलः supermaihydropower@gmail.com वेभसाइटः www.supermaihydropower.com.np

को

# विवरण-पत्र

**(कम्पनी ऐन, २०६३ को दफा २३ तथा धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० अन्तर्गत प्रकाशित)**

कम्पनीले आयोजना प्रभावित क्षेत्रका स्थानिय बासिन्दा तथा सर्वसाधारणहरुको लागि सार्वजनिक निष्काशनको लागि छुट्याएको आफ्नो जारी पूँजी रु.५०,००,००,०००/- (अक्षेरेपी पचास करोड रुपैंया मात्र) मध्ये २०% अर्थात रु.१० करोड रकम बराबर प्रति शेयर रु.१००/– अंकित मूल्यको १०,००,००० (दश लाख) कित्ता साधारण शेयर मध्ये धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ समेतको अधिनमा रहि जारी पूँजीको १०% अर्थात रु.५,००,००,०००/– (अक्षरुपी पाँच करोड रुपैंया मात्र) रकम बराबरको रु. १००/- अंकित दरको ५,००,००० कित्ता शेयर मध्ये इलाम जिल्लाको इलाम नगरपालिका (बरबोटे) ५, इलाम नगरपालिका (सुम्बेक) २, र माईजोगमाई गाउँपालिका ५, सोयाङ्ग मा वसोवास गर्ने आयोजना अति प्रभावित स्थानियबासीको लागि ४०% अर्थात २,००,००० कित्ता र आयोजना अति प्रभावित क्षेत्र वाहेक इलाम जिल्लाको अन्य क्षेत्रमा वसोवास गर्ने वासिन्दाहरुको लागि ६०% अर्थात ३,००,००० कित्ता तथा जारी पूँजीको १०% अर्थात रु.५,००,००,०००/– (अक्षरुपी पाँच करोड रुपैंया मात्र) रकम बराबरको रु.१००/– अंकित दरको ५,००,००० कित्ता शेयर मध्ये १०% अर्थात ५०,००० कित्ता शेयर नेपाल सरकारको सम्वन्धित निकायबाट श्रम स्वीकृती प्राप्त गरी विदेशमा रोजगारी गरिरहेका नेपालीका लागि र ५% अर्थात २५,००० कित्ता शेयर सामूहिक लगानी कोषहरुलाई बाँडफाँड गरिएको तथा २% अर्थात १०,००० कित्ता शेयर कम्पनीमा कार्यरत कर्मचारीलाई सुरक्षित गरी बाँकी रहने ४,१५,००० कित्ता साधारण शेयर सर्वसाधारणहरुमा निष्काशन गरिएको छ।

**दरखास्त साथ प्रति साधारण शेयर रु.१००/- अंकित दरले शतप्रतिशत भुक्तानी माग गरिएको ।**

**नेटवर्थ सम्बन्धी विवरणः**

| विवरण | वास्तविक | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| | आ.ब.०७६/७७ | आ.ब.०७७/७८ | आ.ब.०७८/७९ | आ.ब.०७९/८० | आ.ब.०८०/८१ | आ.ब.०८१/८२ |
| प्रति शेयर नेटवर्थ (रु.) | १०७.२९ | १११.५४ | १३०.७६ | १२४.३७ | १३०.९१ | १४०.९३ |
| प्रति शेयर आम्दानी (EPS) (रु.) | ११.५८ | ११.५८ | ३०.९९ | २३.७६ | २६.५४ | २८.०२ |
| संचित नाफा/नोक्सान तथा जगेडा कोषहरु (रु.हजारमा) | २८,७८२ | ४६,१७१ | १२३,०२१ | १२१,८३१ | १५४,५५३ | २०४,६७१ |

## प्रति मेगावाट तथा कुल लागत सम्बन्धी विवरणः

सुपरमाई हाइड्रोपावर लिमिटेडद्वारा प्रवर्द्धित सुपरमाई जलविद्युत आयोजना (७.८ मे.वा) को प्रति मेगावाट लागत निर्माण अवधिको व्याज (IDC) सहित रु.१९,०८,४८,२०५/- (अक्षेरुपी उन्नाइस करोड आठ लाख अठ्चालिस हजार दुई सय पाँच मात्र) रहेको छ। यस जलविद्युत आयोजना (७.८ मे.वा.) को कुल लागत रु.१,४८,८६,१६,०००/- (अक्षेरुपी एक अर्ब अठ्चालिस करोड छयासी लाख सोह्र हजार) रहेको छ।

## विद्युत उत्पादन अनुमतिको बाँकी अवधि सम्वन्धी विवरणः

यस आयोजनाको व्यापारिक रुपमा विद्युत उत्पादन शुरु भएको मिति २०७५/०७/११ रहेको छ।
सुपरमाई जलविद्युत आयोजनाको विद्युत उत्पादन अनुमतिपत्र वहाल रहने अवधि मिति २०७३/११/३० देखि २१०८/११/२९ सम्म रहेकोले हाल २९ वर्ष ६ महिना बाँकी रहेको छ।

## लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्बन्धी विवरणः

लगानी फिर्ता हुने अवधि (Pay Back Period) ५.७९ वर्ष र डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि (Discounted Pay Back Period) ७.२७ वर्ष रहेको छ।

## लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषणः

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्यांकन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मूल्यले सूचीकरण पश्चात् धितोपत्र बजारमा हुने कारोबार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको दफा ग.८ (पृष्ठ नं.१५) मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ।

## नियमन निकायको जवाफदेहीता नरहने उद्घोषणः

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनका लागि तयार गरिएको हो। यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृति प्रदान गरेको छ। यसरी बोर्डले विवरणपत्रमा स्वीकृति प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्वद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लेखित कुराको सत्यता वा निष्काशनकर्ता वा परियोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन।

## इस्युर रेटिङ्ग सम्बन्धी विवरणः

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्युर रेटिङ्ग गराउनु पर्ने भएकोले "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था इक्रा नेपाल लिमिटेडबाट मिति २५/०१/२०२३ मा इस्युर रेटिङ्ग पुनर्पुष्टि गराई "[ICRANP-IR] BBB-प्रमाणपत्र प्राप्त गरेको छ। [ICRANP-IR] BBB- ले कम्पनीको वित्तीय दायित्व बहन गर्ने क्षमता औसतमा सुरक्षित रहेको (Moderate degree of safety regarding timely servicing of financial obligations) जनाउँदछ। इक्रा नेपाल लिमिटेडले "[ICRANP-IR] AAA" देखि "ICRANP -IR] D" सम्मको रेटिङ्ग प्रदान गर्दछ। जसमा रेटिङ्ग "[ICRANP -IR] AAA" ले बलियो आधार जनाउँछ भने "[ICRANP -IR] D"] ले कमजोर आधार जनाउँछ। रेटिङ्ग संकेत पछाडि रहने + (जोड) वा - (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितीलाई जनाउदछ।

रेटिङ्ग प्रदान गरेको मिति : २५/०१/२०२३ — बहाल रहने अवधिः २३/०१/२०२४

**नेपाल धितोपत्र बोर्डबाट विवरण-पत्रमा स्वीकृति प्राप्त मितिः २०७९/०८/०६ गते**

**कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण-पत्र दर्ता मितिः २०७९/०८/१२ गते**

| साधारण शेयरको बिक्री खुल्ला अवधिः | |
|---|---|
| धितोपत्र निष्काशन खुल्ला मितिः | २०७९/१०/२३ गते देखि |
| धितोपत्र निष्काशन बन्द हुने मिति (छिटोमा): | २०७९/१०/२६ गते (बैंकिङ्ग समय पश्चात्) सम्म |
| धितोपत्र निष्काशन बन्द हुने मिति (ढिलोमा): | २०७९/११/०८ गते (बैंकिङ्ग समय पश्चात्) सम्म |

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

**SanimaCapital**

(A wholly owned subsidiary of Sanima Bank Ltd.)

रजिष्टर्ड कार्यालयः सममार्ग, नक्साल, काठमाण्डौ, नेपाल, फोन नं.: ०१-४५४०५०८
Email: sanimacapital@sanimabank.com, Website: www.sanima.capital

**नेपाल धितोपत्र बोर्डबाट स्वीकृत विवरणपत्र निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाइट www.sanima.capital, निष्काशनकर्ता कम्पनीको वेभसाइट www.supermaihydropower.com.np साथै नेपाल धितोपत्र बोर्डको वेभसाइट www.sebon.gov.np बाट समेत हेर्न सकिनेछ।**

## ख.१. विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषाः

(क) "**विवरणपत्र**" भन्नाले कम्पनी ऐन, २०६३ को दफा २३ बमोजिम र धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० बमोजिम प्रकाशित विवरणहरु भएको पुस्तिका सम्झनु पर्दछ ।

(ख) "**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक**" भन्नाले धितोपत्र व्यवसायी (मर्चेण्ट बैंकर) नियमावली, २०६४ को नियम १६ को खण्ड (क) बमोजिमको कार्य गर्न अनुमतिपत्र प्राप्त धितोपत्र ब्यवसायी सानिमा क्यापिटल लिमिटेड लाई सम्झनु पर्छ ।

(ग) "**संगठित संस्था/कम्पनी**" भन्नाले निष्काशनकर्ता कम्पनी सुपरमाई हाइड्रोपावर लिमिटेडलाई सम्झनु पर्दछ ।

(घ) "**संकलन केन्द्र**" भन्नाले सार्वजनिक निष्काशनको लागि तयार गरिएको विवरणपत्रमा दरखास्त फारम प्राप्त गर्न सकिने तथा दरखास्त फारम साथ रकम बुझाउन सकिने गरी तोकिएका संस्थाहरु सम्झनु पर्दछ । सो शव्दले नेपाल धितोपत्र बोर्डको ASBA सेवामा आवद्ध बैंक तथा वित्तीय संस्थाहरुलाई समेत बुझाउँदछ ।

(ङ) "**निष्काशन बैंक**" भन्नाले निष्काशन तथा बिक्री प्रबन्धकसँग सम्झौता गरी धितोपत्र निष्काशनको क्रममा आवेदकबाट प्राप्त हुने रकम जम्मा गर्न जिम्मेवारी लिने बाणिज्य बैंक तथा राष्ट्रिय स्तरको विकास बैंक सम्झनु पर्दछ ।

(च) "**नियमन निकाय**" भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, उद्योग विभाग, विद्युत विकास विभाग, विद्युत नियमन आयोग तथा नेपाल विद्युत प्राधिकरणलाई सम्झनु पर्दछ ।

(छ) "**संस्थापक, सञ्चालक, कार्यकारी प्रमुख तथा व्यवस्थापन**" भन्नाले सुपरमाई हाइड्रोपावर लिमिटेडको संस्थापक, सञ्चालक, कार्यकारी प्रमुख तथा व्यवस्थापन सम्झनु पर्दछ ।

(ज) "**बोर्ड**" भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३ बमोजिम स्थापना भएको नेपाल धितोपत्र बोर्ड सम्झनु पर्दछ ।

(झ) "**स्थानियवासी**" भन्नाले आयोजना प्रभावित क्षेत्र अर्थात इलाम जिल्लाको इलाम नगरपालिका (बरबोटे) ५, इलाम नगरपालिका (सुम्बेक) २, र माईजोगमाई गाउँपालिका ५, सोयाङ्गमा बसोवास गर्ने नेपाली नागरिकलाई जनाउँछ ।

(ञ) "**वित्तीय विवरण**" भन्नाले संगठित संस्थाको वासलात, आय-व्यय विवरण, नगद प्रवाह विवरण सम्झनु पर्दछ र सो शब्दले इक्विटीमा भएको परिबर्तनको विवरण र लेखा नीति तथा लेखासँग सम्बन्धित टिप्पणीहरु समेत जनाउँदछ ।

(ट) "**आस्वा सदस्य**" भन्नाले नेपाल धितोपत्र बोर्डबाट आस्वा सदस्यता लिएका बैंक तथा वित्तीय संस्था सम्झनु पर्दछ ।

(ठ) "**प्रति शेयर नेटवर्थ**" भन्नाले कम्पनीको वासलातमा रहेको शेयर पूँजी, शेयर प्रिमियम तथा जगेडा कोष लगायतका कुनै पनि प्रकारको सञ्चित कोषको कुल जोडलाई जम्मा साधारण शेयर संख्याले भाग गर्दा आउने भागफललाई जनाउँदछ ।

(ड) "**प्रति शेयर आम्दानी**" भन्नाले कम्पनीको खुद नाफालाई जम्मा कायम साधारण शेयर संख्याले भाग गर्दा आउने भागफललाई जनाउँदछ ।

(ढ) "**साधारण लगानी फिर्ता हुने अवधि**" भन्नाले परियोजनामा भएको कुल लगानीलाई त्यस परियोजनाबाट प्राप्त हुने बार्षिक औषत नगद प्रवाहले भाग गर्दा आउने भागफललाई जनाउँदछ । यसलाई वर्षमा ब्यक्त गरिन्छ । यसले कति बर्षमा परियोजनाको लगानी फिर्ता हुन्छ भन्ने कुरा वुझाउँछ ।

(ण) "**डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि**" भन्नाले परियोजनामा भएको कुल लगानीलाई त्यस परियोजनाबाट प्राप्त हुने बार्षिक नगद प्रवाहलाई निश्चित प्रतिशत बट्टा दर द्वारा (Discount Rate) वर्तमान मूल्यमा परिणत गरि आउने नगद प्रबाहबाट परियोजनामा भएको कुल लगानीलाई भाग गर्दा आउने भागफललाई जनाउँदछ । यसलाई वर्षमा ब्यक्त गरिन्छ । यसले मुद्रास्फितिलाई ध्यान दिंदा कति बर्षमा परियोजनाको लगानी फिर्ता हुन्छ भन्ने कुरा वुझाउँछ ।

(त) "**नगद प्रवाह**" भन्नाले परियोजनाबाट प्राप्त हुने खुद नाफामा ह्रास कट्टि तथा अमोर्टाइजेसन जोडि कार्यशिल पूँजीमा भएको परिवर्तन (चालु पूँजी - चालु दायित्व) तथा पूँजीगत खर्चहरु घटाउँदा आउने परिणामलाई जनाउँदछ ।

(थ) "**खुद सम्पत्ति (नेटवर्थ)**" भन्नाले संगठित संस्थाको शेयरको चुक्ता पूँजी तथा जगेडा कोषहरु (सम्पत्तिको पुर्नमूल्याङ्कनबाट सृजित कोष बाहेक) को कुल जोडमा सञ्चित नोक्सानीको कुल रकम र अपलेखन गर्न बाँकी स्थगन र विविध खर्चहरु तथा ख्याति घटाई बाँकी रहन जाने रकम सम्झनु पर्छ ।

(द) "**धितोपत्र प्रत्याभूतिकर्ता**" भन्नाले धितोपत्र ब्यवसायी (मर्चेण्ट बैंकर) नियमावली, २०६४ को नियम १६ को खण्ड (ख) बमोजिमको धितोपत्र प्रत्याभूति (अण्डरराइटिङ्ग) को कार्य गर्न अनुमतिपत्र प्राप्त धितोपत्र ब्यवसायि मुक्तिनाथ क्यापिटल लिमिटेडलाई सम्झनु पर्छ ।

(ध) "**आयोजना प्रभावित क्षेत्र**" भन्नाले आयोजनाको निर्माणबाट प्रत्यक्ष प्रभाव पर्ने क्षेत्र (इलाम जिल्लाको तत्कालिन बरबोटे, सुम्बेक र सोयाङ्ग मा वसोवास गर्ने वासिन्दा लाई जनाउँदछ ।

य) "**वैदेशिक रोजगारीमा रहेका नेपाली**" भन्नाले नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरु जनाउँदछ ।

र) "**विप्रेषण (रेमिट्यान्स) बचत खाता**" भन्नाले नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगार गरिरहेका नेपाली नागरिकको बोर्डबाट धितोपत्र खरिद संकलन सम्बन्धी कार्य गर्न अनुमति प्राप्त आस्वा सदस्य बैंक वा वित्तीय संस्थामा सम्बन्धित व्यक्तिको नाममा रहेको विप्रेषण (रेमिटयान्स्) बचत खाता सम्झनुपर्छ ।

## ख.२. विवरणपत्र तथा दरखास्त प्राप्त गर्ने र बुझाउने स्थान :

| क्र.सं. | विवरण पत्र हेर्न तथा प्राप्त गर्न सकिने स्थान : |
|---|---|
| १. | सानिमा क्यापिटल लिमिटेड, सम मार्ग, नक्साल- १, काठमाण्डौ र Website: www.sanima.capital |
| २. | सुपरमाई हाइड्रोपावर लिमिटेड, वडा नं.३०, ज्ञानेश्वर, काठमाण्डौ र Website: www. supermaihydropower.com.np |
| ३. | नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर र Website: www.sebon.gov.np |

| क्र.सं. | दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान : |
|---|---|
| १. | नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु । |

**आयोजना प्रभावित क्षेत्रका बासिन्दाका लागि दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने सम्बन्धी थप व्यवस्था :**
**आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि देहाय बमोजिमका स्थानहरुबाट भौतिक रुपमा दरखास्त फाराम लिने व्यवस्था गरिएको छ :**

| क्र.सं. | नाम | संकलन केन्द्र | सम्पर्क नं. | इमेल |
|---|---|---|---|---|
| १. | कल्पना खतिवडा, निशा भट्टराई | गुडविल फाइनान्स लिमिटेड, इलाम न.पा.-७, प्रकाशपथ, इलाम | ०२७–५२०९४९, ०२७–५२०९४७ | kalpana@goodwill.net.np nisha@goodwill.net.np ilam@goodwill.net.np |
| २. | किशोर नेपाल | माछापुच्छ्रे बैंक लिमिटेड, इलाम न.पा.-७, चोक बजार, इलाम | ९८५२०५११६४, ०२७–५२१७१० | Kishor.nepal@mbl.com.np |
| ३. | विकाश भण्डारी | सानिमा बैंक लिमिटेड, इलाम न.पा.-७, भानुपथ, इलाम | ९८४४६३८७०३, ०२७–५२०९५५ | bikash.bhandari@sanimabank.com |
| ४. | संझना येक्तेन | सानिमा बैंक लिमिटेड, माई न.पा.-२, शितली, इलाम | ९८६०१३५४३८, ०२७–४१२२०४, ०२७–४१२२०२ | samjhana.yekten@sanimabank.com |
| ५. | लक्ष्मी प्रसाद पौडेल | सुपरमाई हाइड्रोपावर लिमिटेड, इलाम न.पा.-५,बरबोटे, इलाम | ९८४२७३५९३३ | |

**नोट : आयोजना क्षेत्रका स्थानीय बासिन्दाको हकमा आस्वा मार्फत आवेदन फाराम बुझाउने व्यवस्था नरहेको ।**

दरखास्त फाराम तोकिएको संकलन केन्द्रहरुबाट रु.२/–(स्थानियवासीको हकमा मात्र) भुक्तानी गरि प्राप्त गर्न सकिनेछ वा सानिमा क्यापिटल लिमिटेडको website:sanima.capital र सुपरमाई हाइड्रोपावर लिमिटेडको website : www.supermaihydropower.com.np बाट Download गरेर पनि प्राप्त गर्न सकिनेछ । साथै भौगोलिक जटिलता, मौसमी प्रतिकुलता, प्राकृतिक प्रकोप जस्ता कारणबाट विस्थापित हुने अवस्था सृजना भएका वा पेशा व्यवसायका कारण वा अन्य कुनै कारणबाट परियोजना प्रभावित क्षेत्रको संकलन केन्द्रमा मात्र दरखास्त दिन सहज नहुने बिशेष परिस्थितिमा नेपाल धितोपत्र बोर्डको स्वीकृती लिई सिमित अवधिका लागि अन्य स्थानमा आवश्यकता अनुसार संकलन केन्द्र तोक्न वा थप गर्न सकिनेछ ।

| बैदेशिक रोजगारीमा रहेका नेपालीहरुको लागि आवेदन दिने प्रकृया : |
|---|
| नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरुबाट सि-आस्वा (C–ASBA) प्रणालीबाट आवेदन दिन सकिनेछ । |

| सर्वसाधारणहरुको लागि आवेदन दिने प्रकृया : |
|---|
| नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरुबाट सि-आस्वा (C–ASBA) प्रणालीबाट आवेदन दिन सकिनेछ । |

## ग.१. धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :

सानिमा क्यापिटल लिमिटेडलाई निष्काशनकर्ता संगठित संस्था तथा सुपरमाई हाइड्रोपावर लिमिटेडका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा सुपरमाई हाइड्रोपावर लिमिटेडको व्यबस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट सानिमा क्यापिटल लिमिटेड सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई सानिमा क्यापिटल लिमिटेडले यो विवरणपत्र स्वीकृतीका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन २०६३" तथा "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

## ग.२. संगठित संस्थाको उद्घोषण :

**ग.२.क.संचालकको जिम्मेवारी तथा जवाफ देहिता सम्बन्धी :**

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरुका साथै निष्काशन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुका सत्यता र शुद्धताप्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यता प्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी संचालकहरु ब्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी उद्घोषण गर्दछौं की तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

**ग.२.ख.संगठित संस्थाको जवाफ देहिता सम्बन्धी :**

यस सुपरमाई हाइड्रोपावर लिमिटेडले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरणहरु बाहेक संगठित संस्थाको बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहीता संगठित संस्थामा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सोको जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

**ग.२.ग.नियमन निकायको नियमन व्यवस्थाको पालना सम्बन्धी :**

प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तैः कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल बिद्युत प्राधिकरण, विद्युत नियमन आयोग आदी) को सार्वजनिक निष्काशन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं साथै सार्वजनिक निष्काशन प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सो मा उल्लिखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड र कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गरेका छौं । साथै यस संस्थाले कम्पनी रजिष्ट्रारको कार्यालयमा आर्थिक वर्ष २०७८/७९ सम्मको विवरणहरु पेश गरेको हुनाले उक्त आर्थिक वर्षसम्म यस संस्था कम्पनी रजिष्ट्रारको कार्यालयमा अद्यावधिक रहेको ब्यहोरा कम्पनी रजिष्ट्रारको मिति २०७९/०५/१२ गतेको पत्रबाट स्पष्ट हुन्छ ।

**ग.२.घ.संस्थापक, संचालक तथा प्रवन्ध संचालक सम्बन्धी उद्घोषणः**

१. सुपरमाई हाइड्रोपावर लिमिटेडको संस्थापक, संचालक वा प्रवन्ध संचालक कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।
२. सुपरमाई हाइड्रोपावर लिमिटेडको संचालक वा प्रवन्ध संचालक कालो सूचीमा रहेको अन्य संगठित संस्थामा संचालक, प्रवन्ध संचालक छैनन् ।
३. सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी वेपत्ता भएका वा संचालनमा नरहेका वा लगानीकर्ताहरुको हित विपरित हुने कार्य गरेको संगठित संस्थाको संचालक वा प्रवन्ध संचालक सुपरमाई हाइड्रोपावर लिमिटेडको संचालक वा प्रवन्ध संचालक छैनन् ।
४. धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमति खारेज भएको दश बर्ष पूरा नभएको संगठित संस्थाको संचालक वा प्रमुख कार्यकारी अधिकृत सुपरमाई हाइड्रोपावर लिमिटेडको संचालक वा प्रवन्ध संचालक छैनन् ।
५. सुपरमाई हाइड्रोपावर लिमिटेडको संचालक वा प्रवन्ध संचालक धितोपत्र सम्बन्धी ऐनको दफा १०८ बमोजिम संचालक वा प्रवन्ध संचालक हुन अयोग्य रहेका छैनन् ।

## ग.३ संगठित संस्था सम्बन्धी जानकारी :

### ग.३.क. संगठित संस्थाको पृष्ठभूमि :

(क) **संस्थाको नाम** : सुपरमाई हाइड्रोपावर लिमिटेड (Supermai Hydropower Limited)

(ख) **संस्था कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा** : कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित।

(ग) **संस्थाको रजिष्टर्ड ठेगाना** : यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला का.म.न.पा.वडा नं.३०, ज्ञानेश्वर, काठमाण्डौमा रहनेछ।

(घ) **कारोवार गर्ने मुख्य स्थान** : यस कम्पनीको आयोजना स्थल इलाम जिल्लाको इलाम नगरपालिका वडा नं ५ बरवोटेमा रहेको छ।

(ङ) **संगठित संस्थाको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरुः**

**कम्पनीको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ :**

१. नेपालमा रहेको अपार जलश्रोतको उपयोग गरी जलविद्युत आयोजनाहरुको पहिचान गरी संभाव्यता अध्ययन, निर्माण र संचालन गर्ने अभिप्रायले नेपाली निजी क्षेत्रका उद्यमीहरु मिलेर यस सुपरमाई हाइड्रोपावर लिमिटेड, कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७१/०६/२७ गते नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेड कम्पनीको रुपमा दर्ता नं. १७०४३७/७३/७४ बाट दर्ता भई मिति २०७४/०३/१८ को निर्णय अनुसार प्राइभेट लिमिटेड कम्पनीबाट पब्लिक लिमिटेड कम्पनीमा परिणत भई मिति २०७४/०३/२९ मा कारोवारको स्वीकृती प्राप्त गरी कारोबार संचालन गरी रहेको छ।

२. हाल यस कम्पनीमा ४७ जना संस्थापक शेयरधनीहरु रहेका छन्। यस कम्पनीका संस्थापक शेयरधनीहरु विद्युत, बैंक/वित्तीय क्षेत्र, स्वास्थ्य, कृषि पर्यटन, विमा तथा शैक्षिक क्षेत्र एवं व्यापार/व्यवसायको साथै व्यवस्थापन क्षेत्रमा लामो समय देखि दखल भएका प्रतिष्ठित व्यक्तित्वहरु रहेका छन्।

३. यस कम्पनीले इलाम जिल्लाको इलाम नगरपालिका (बरबोटे) ५, इलाम नगरपालिका (सुम्बेक) २, र माईजोगमाई गाउँपालिका ५, सोयाङ्ग स्थित माई खोलामा सुपरमाई जलविद्युत आयोजना (७.८ मेगावाट) बाट जलविद्युत उत्पादन गर्ने उद्देश्य अनुरुप सुपरमाई जलविद्युत आयोजनाको निर्माण, उत्पादन तथा संचालन गर्न नेपाल सरकार उर्जा मन्त्रालयबाट मिति २०७३/११/३० गतेका दिन अनुमति प्राप्त गरेको हो र उक्त अनुमती पत्र मिति २१०८/११/२९ गते सम्म बहाल रहनेछ।

४. यस कम्पनीको संस्थापक शेयरधनीहरुलाई “क” बर्गमा र सर्वसाधारण शेयरधनीहरु(आयोजना प्रभावित स्थानीयबासी सर्वसाधारण, कर्मचारी र अन्य सर्वसाधारणहरु) लाई “ख” वर्गमा विभाजन गरिएको छ। जसमध्ये जारी पूँजीको ८०% शेयर “क” बर्गका संस्थापक शेयरधनी तथा २०% “ख” वर्गका सर्वसाधारणहरु भनी विभाजन गरिएको छ। जारी पूँजी मध्ये १०% प्रतिशत अर्थात ५००,००० कित्ता आयोजना प्रभावित क्षेत्रका लागि छुट्याईएको छ। त्यसै सर्वसाधारणको लागि १०% अर्थात ५,००,००० छुट्याईएको छ। यसरी छुट्याईएको मध्ये आयोजना प्रभावित स्थानीयबासीबाट माग बमोजिमको दरखास्त प्राप्त नभएमा सर्वसाधारणमा थप गरी शेयर निष्काशन गरिनेछ।

५. कम्पनीले पहिचान गरी विकास निर्माण गरेको इलाम जिल्लाको तत्कालिन सुम्बेक, बरबोटे र सोयाङ्ग गा.वि.स भएर (हाल ईलाम नगरपालिका र माईजोगमाई गाँउपालिका) सीमा नदीका रुपमा बहने माई खोलामा सुपरमाई हाईड्रोपावर (७.८ मे.वा.) परियोजनाको अन्य विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

| | |
|---|---|
| कुल जलविद्युत उत्पादन क्षमता | ७.८ मे.वा. |
| आयोजनाको विद्युत उत्पादन अनुमति प्राप्त गरेको मिति | २०७३/११/३० |
| विद्युत अनुमति बहाल रहने मिति तथा अवधि मिति | २१०८/११/२९ |
| आयोजनाको कुल लागत | रु.१,४८,८६,१६,०००/- |
| आयोजनाको प्रति मेघावाट लागत | १९,०८,४८,२०५/- |
| आयोजनाको साधारण लगानी फिर्ता हुने अवधि | ५.७९ बर्ष |
| आयोजनाको डिस्काउन्टमा लगानी फिर्ता हुने अवधि | ७.२७ बर्ष |
| खुद सम्पत्ति मूल्य (Net Present Value) | रु.२३,६७,१७,३६८/- |
| आन्तरिक प्रतिफल दर (Internael Rate of Return) | १३.२७% |
| बट्टा दर (Discount rate) | ८% |
| विद्युत उत्पादन शुरु भएको मिति | २०७५/०७/११ |

६. यस कम्पनीले सञ्चालनमा आए देखि प्रदान गरेको लाभांशको विवरण निम्नानुसार रहेको छ।

| क्र.सं. | आर्थिक बर्ष | नगद लाभांश | बोनश सेयर | जम्मा |
|---|---|---|---|---|
| १. | २०७६/७७ | ७.१५% | | ७.१५% |
| २. | २०७७/७८ | ११.५०% | - | ११.५०% |
| ३. | २०७८/७९ | ३०.००% | - | ३०.००% |

**कम्पनीको मिति २०७९ श्रावण ३१ गते सम्पन्न आठौं बार्षिक साधारण सभाले नगद लाभाँश वितरण सम्बन्धमा गरेको निर्णयः**

आ.व २०७८।७९ आषाढ मसान्तसम्मको संचित मुनाफाबाट मिति २०७९ आषाढ मसान्त सम्म कायम भएका शेयरधनीहरुलाई कुल चुक्ता पूँजीको ३० प्रतिशत अर्थात रु १२,००,००,००० (अक्षरुपी बाह्र करोड मात्र) कर सहित नगद लाभांश वितरण गर्ने गरी साधारण सभामा पेश भएको प्रस्ताव सर्वसम्मतिबाट पारित भयो।

**खुद नगद प्रबाह तथा आन्तरिक प्रतिफल (NPV and IRR) दरको गणना तालिका**

| | |
|---|---|
| डिस्काउण्टेड खुद नगद प्रवाह | २३६,७१७,३६८ |
| आन्तरिक प्रतिफल दर | १३.२७% |
| डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि | ७.२७ वर्ष |
| साधारण लगानी फिर्ता हुने अवधि | ५.७९ वर्ष |
| बट्टा दर (Discount factor) | ८.००% |

| बर्ष | कुल लागत | खुद नाफा | ह्रास कट्टी तथा अपलेखन खर्च | ब्याज भुक्तानी | खुद नगद प्रवाह | सञ्चित नगद प्रवाह | बर्तमान मूल्य बट्टादर ८% | वर्तमान मूल्यको आधारमा हुने खुद नगद प्रवाह | डिस्काउन्टेड संचयी नगद प्रवाह |
|---|---|---|---|---|---|---|---|---|---|
| ० | (१,३६१,००२,८९३.००) | - | - | - | - | - | - | - | - |
| १ | | १२३,९७०,९३२ | ४५,८९१,८३९ | ६९,०७८,०८४ | (१,१२२,०६२,०३७) | (१,१२२,०६२,०३७.००) | १.००००० | (१,१२२,०६२,०३७) | (१,१२२,०६२,०३७) |
| २ | | ११८,८०९,५५९ | ४६,७२४,५६९ | ६३,३२५,८०१ | २२८,८५९,९२९ | (८९३,२०२,१०८.००) | ०.९२५९३ | २११,९०७,३४२ | (९१०,१५४,६९५) |
| ३ | | १३२,७२१,८७८ | ४६,५६६,५७७ | ५६,९९४,२६७ | २३६,२८२,७२२ | (६५६,९१९,३८६.००) | ०.८५७३४ | २०२,५७४,३५० | (७०७,५८०,३४५) |
| ४ | | १४०,११७,५५७ | ४६,४४५,८८२ | ४९,३४२,७३४ | २३५,९०६,१७३ | (४२१,०१३,२१३.००) | ०.७९३८३ | १८७,२६९,९२६ | (५२०,३१०,४१९) |
| ५ | | १४८,४७५,८०८ | ४६,३५६,४७० | ४०,५४२,८०१ | २३५,३७५,०७९ | (१८५,६३८,१३४.००) | ०.७३५०३ | १७३,००७,७०९ | (३४७,३०२,७१०) |
| ६ | | १५६,७८७,७३४ | ४६,२७९,४५९ | ३१,७४२,८६९ | २३४,८१०,०६२ | ४९,१७१,९२८.०० | ०.६८०५८ | १५९,८०७,७८३ | (१८७,४९४,९२७) |
| ७ | | १६५,५६७,८४७ | ४६,३६७,३९० | २५,३९४,२९५ | २३७,३२९,५३२ | २८६,५०१,४६०.०० | ०.६३०१७ | १४९,५५७,८६३ | (३७,९३७,०६४) |
| ८ | | १७४,८३९,६४७ | ४६,४५५,४८८ | २०,३१५,४३६ | २४१,६१०,५७१ | ५२८,११२,०३१.०० | ०.५८३४९ | १४०,९७७,४४८ | १०३,०४०,३८४ |
| ९ | | १८४,६३०,६६७ | ४६,५४३,७५४ | १६,२५२,३४९ | २४७,४२६,७६९ | ७७५,५३८,८०१.०० | ०.५४०२७ | १३३,६७६,९८५ | २३६,७१७,३६८ |
| | **कुल** | **१,३४५,९२१,६२९** | **४१७,६३१,४२८** | **३७२,९८८,६३६** | **७७५,५३८,८००** | | | **२३६,७१७,३६९** | |

नोट : खुद नगद प्रवाह गणना (NPV) गर्दा लिएको डिस्काउन्टिङ फ्याक्टर (बट्टा दर) प्रचलित कर्जामा भुक्तानी गर्नुपर्ने ब्याजदरको आधारमा लिई माथि उल्लेखित तालिकामा भए वमोजिमको आयोजनाबाट आम्दानी हुने भएकोले डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि ७.२७ वर्ष तथा साधारण लगानी फिर्ता हुने अवधि ५.७९ वर्ष रहेको छ।

७. यस आयोजनाको ऋण तथा इक्विटि लगानीको अनुपात ७३.१३:२६.८७ रहेको छ।

८. आयोजनाबाट उत्पादित विजुलीलाई १३२ के.भी डवल सर्किट ट्रान्समिसन लाइन मार्फत नेपाल विद्युत प्राधिकरणको इलाम जिल्ला इलाम नगरपालिका १०, गोदाकस्थित सबस्टेसनमा जोडि राष्ट्रिय प्रसारण प्रणालीमा समाहित गरेको छ। यसको लागि पञ्चकन्या माई हाईड्रोपावर लिमिटेडले निर्माण गरेको १३२ के.भी ट्रान्समिसन लाइनमा Loop In Loop Out गरि नेपाल बिद्युत प्राधिकरणको सबस्टेसनमा लगेको छ।

९. आयोजनाबाट उत्पादन गरिएको विद्युत शक्ति एकमुष्ठ नेपाल विद्युत प्राधिकरणले खरिद गर्न मञ्जुर गरी कम्पनी र प्राधिकरण बीच मिति २०७३/१२/०६ मा खरिद बिक्री सम्झौता समेत भएको छ। सुपरमाई जलविद्युत आयोजना (७.८ मे.वा) को विद्युत खरिद बिक्रि सम्झौताको पहिलो संशोधन मिति २०७४/०३/२७ गते भएको छ।

१०. आयोजनाको विद्युत उत्पादन अनुमतिपत्र वहाल रहने अवधि मिति २०७३/११/३० देखि २१०८/११/२९ सम्म रहेकोले हाल २९ वर्ष ६ महिना बाँकी रहेको छ।

**विद्युत खरीद बिक्री सम्झौता अनुसार नेपाल विद्युत प्राधिकरणलाई विद्युत बिक्री गर्ने साथै नेपाल विद्युत प्राधिकरण सँग विद्युत खरिद बिक्री सम्झौतामा भएको मुख्य मुख्य बुदाँहरु :**

- कम्पनी र प्राधिकरण बीच सम्पन्न विद्युत खरिद बिक्री सम्झौता Take or Pay को अवधारणामा भएको छ।
- बिद्युतको ब्यापारिक उत्पादन शुरु भएको मितिले ३० बर्ष वा उत्पादन अनुमति (Generation License) प्राप्त भएको अबधि मध्ये जुन घटि छ सो समयसम्म सम्झौता कायम रहनेछ।
- कम्पनीको कुल इनर्जी बिद्युत खरिद सम्झौता (Power Purchase Agreement) बमोजिम सुपरमाई हाईड्रोपावर आयोजना (७.८ मे.वा) को ४,७३,९८,४२० kwh रहेको छ।
- कम्पनीले प्राधिकरणलाई उपलब्ध गराएको विद्युत उर्जा मापनको निमित्त प्राधिकरणको मापदण्ड अनुसार Main Meter सेट (सि.टि.पि.टि हरु सहित) कम्पनिको खर्चमा विद्युत केन्द्र पहिलो पटक सिन्क्रोनाइज हुने मिति अगावै मिटरिङ्ग प्वाइन्टमा जडान गरिनेछ। मेन मिटर सँगै सोही स्पेशिफिकेसन र निर्माताको चेक मिटर जडान गरिनेछ। चेक मिटरको खरिद तथा जडान खर्च कम्पनीबाट ब्यहोरिने छ।
- मेन तथा चेक दुवै मिटरहरु र सि.टि.पि.टि. हरु जडान हुनु अगाडी दुवै पक्षलाई मान्य हुने सुविधा सम्पन्न स्वदेशी अथवा विदेशी मिटर टेष्टिङ्ग प्रयोगशालाबाट तोकिएको गुणस्तर अनुसार भएको प्रमाणित हुनुपर्नेछ। यसरी गरिने टेष्टिङ्ग कार्यमा प्राधिकरणका सम्वन्धित विभागका ईन्जिनियरले अनिवार्य रुपले Witness गर्नुपर्नेछ। यसरी परिक्षण अवलोकन गर्ने कार्यमा खटिने कर्मचारीहरुको आवश्यक खर्च तथा भत्ताको ब्यवस्था कम्पनीबाट गरिनेछ।
- कुनै पनि महिना मेन र चेक मिटरले देखाउने उर्जामा ०.२ प्रतिशत भन्दा वढी ०.५ प्रतिशत सम्म भिन्नता देखिएमा दुवै मिटरको औसतको आधारमा बिलिङ्ग हुनेछ र यथासिघ्र प्राधिकरणको मिटर टेष्टिङ्ग ल्याब अथवा दुवै पक्षलाई मान्य स्वदेशी अथवा विदेशी प्रयोगशालाले निर्धारण गरे बमोजिम सो महिनाको बिलिङ समायोजन हुनेछ। तर ०.२ प्रतिशत सम्मको फरक हुँदाको अबस्थामा मेन मिटरले देखाउने विद्युत उर्जाको आधारमा बिलिङ हुनेछ। कथंकदाचित दुबै मिटरले देखाउने उर्जामा ०.५ प्रतिशत भन्दा बढि भिन्नता भएमा वा दुवै मिटर एकै समयमा खराव भएमा Operating Procedures मा ब्यवस्था भए अनुसार बिलिङ हुनेछ। तर खराव भएको मिटर कम्पनीले ३ महिनाभित्र प्रतिस्थापन गर्नु पर्नेछ।
- प्राधिकरणले ब्यापारिक उत्पादन शुरु हुने मितिदेखि हरेक महिना कम्पनीले आयोजनाबाट उत्पादन गरी उपलब्ध गराएको कन्ट्रयाक्ट इनर्जीको परिमाण सम्मको उर्जा खरिद बापत बर्षा याममा परियोजना सुपरमाई (७.८ मे.वा) को प्रति कि.वा घण्टा रु.४।८० र सुख्खा याममा प्रति कि.वा घण्टा रु.८।४० विद्युत खरीद दरले हुन आउने रकम कम्पनी वा दफा ३४ अनुसारको अगुवा बैंक वा वित्तीय संस्थालाई बुझाउने छ। साथै ब्यापारिक

उत्पादन शुरु हुने मितिबाट एक बर्ष पुगेको महिनाको लगत्तै पछिको महिनादेखि लागू हुनेगरि प्रत्येक बर्षको लागि ३ (तीन) प्रतिशतका दरले ५ (पाँच) पटकसम्म मूल्यबृद्धि दिई निम्न तालिका अनुसार विद्युत उर्जा खरिद दर कायम गरिएको छ।

| अवधि (ब्यापारिक उत्पादन शुरु हुने मिति कायम भएको महिना लगत्तै पछिको महिनालाई पहिलो महिना मानी अवधि गणना हुनेगरि | सुख्खा याम (पौष देखि चैत्र सम्म (रु प्रति युनिट) | बर्षा याम (बैशाख देखि मार्ग सम्म (रु. प्रति युनिट) |
|---|---|---|
| पहिलो महिना देखि १२ औं महिनासम्म | ८।४० | ४।८० |
| १३ औं महिनादेखि २४ औं महिनासम्म | ८।६५ | ४।९४ |
| २५ औं महिनादेखि ३६ औं महिनासम्म | ८।९० | ५।०९ |
| ३७ औं महिनादेखि ४८ औं महिनासम्म | ९।१६ | ५।२३ |
| ४९ औं महिनादेखि ६० औं महिनासम्म | ९।४१ | ५।३८ |
| ६१ औं महिनादेखि सम्झौता अवधिसम्म | ९।६६ | ५।५२ |

यस आयोजनाले आवश्यक ब्यापारिक उत्पादन शुरु हुने मिति (RCOD) २०७७/०४/०१ भन्दा करिव २० महिना अगावै निर्माण कार्य सम्पन्न गरि मिति २०७५/०७/११ गते देखि ब्यापारिक उत्पादन शुरु गरेकोले प्राधिकरणबाट माथि तालिकामा उल्लेख भए अनुसारको मूल्यबृद्धि पाएको छ।

- प्राधिकरणले Dispatch Instruction जारी गरी अतिरिक्त उर्जा (Excess Energy) खरिद गरेमा सोको हकमा दफा १२.१ अनुसारको खरीद दरको ५०% दरमा कम्पनीले बिलिङ्ग गर्ने र प्राधिकरणले भुक्तानी गर्नेछ।
- मासिक बिलिङ गर्दा कम्पनीले प्राधिकरणबाट विद्युत उर्जा लिएको देखिएमा विद्युत उर्जा लिने भोल्टेज लेभलको ब्यापारिक वर्गका ग्राहकहरुलाई लागू हुने प्राधिकरणको प्रचलित Normal Hour को विद्युत महशुल दरले उर्जा शुल्क मात्रको हिसाब गरी आउने रकम मात्र कम्पनीले प्राधिकरणलाई भुक्तानी गर्नेछ, वा सो रकम मासिक बिलिङमा समायोजन गरिनेछ।
- प्राधिकरणले बिल प्राप्त भएको ४५ दिन भित्र सो बिलको भुक्तानी गर्नु पर्नेछ।
- उक्त समय भित्र प्राधिकरणले बिल बमोजिमको महशुल भुक्तान नगरेमा सो रकमको बार्षिक ६% का दरले हुने ब्याज रकम समेत भुक्तान गर्नु पर्नेछ।
- कम्पनीले आफ्नो लेखापरीक्षण भएको आर्थिक विवरण सहितको बार्षिक प्रतिबेदनको प्रतिहरु प्राधिकरणलाई प्रत्येक बर्ष उपलब्ध गराउनेछ।
- प्राधिकरणले पुर्व सूचना दिई आयोजनाको सुरक्षा तथा दैनिक काममा बाधा नपर्ने गरी आयोजनाको निर्माण, उत्पादन र संचालन सम्बन्धि व्यवस्थाहरुको निरिक्षण गर्न गराउन सक्नेछ।
- आयोजना निर्माण सम्बन्धि प्रगति प्रतिवेदन कम्तिमा चौमासिक रुपमा कम्पनीले प्राधिकरणलाई उपलब्ध गराउनेछ।
- कम्पनीले विद्युत उत्पादन तथा विक्रि गरे वापत प्रचलित कानुन बमोजिम बुझाउनु पर्ने रोयल्टी, कर तथा अन्य दस्तुरहरु कम्पनी आफैंले बुझाउने छ।
- व्यापारिक उत्पादन भएको प्रत्येक ५ बर्ष पुरा भए पछि कम्पनीको अनुरोधमा जलवायु (Hydrology) मा भएको परिवर्तन अनुसार जडित क्षमता भन्दा बढि नहुने गरी दुवै पक्षको सहमतीमा प्रत्येक महिनाको कन्ट्र्याक्ट इनर्जी थपघट गर्न सकिनेछ। तर सुख्खा यामको कुल इनर्जी र वर्षायामको कुल इनर्जी भन्दा बढि हुने गरी कन्ट्र्याक्ट इनर्जी परिवर्तन गर्न पाईने छैन। यस प्रयोजनको लागि कम्पनीले चौमासिक रुपमा माई खोलाको गेजिङ स्टेशनको डिस्चार्ज डाटा प्राधिकरणलाई उपलब्ध गराउनु पर्नेछ।
- आयोजनाबाट उत्पादन हुने विद्युत खरीद गर्ने सम्बन्धमा यस सम्झौता बमोजिम हुनुपर्ने कार्यहरुको समन्वय गर्न दुबै पक्षका प्रतिनिधिहरु रहेको एउटा समन्वय समितिको गठन हुनेछ।

**परियोजनाको हालको अवस्था :**

कम्पनीले आयोजनाको निर्माण कार्य सम्पन्न गरी सञ्चालनमा रहेको छ, जसको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

| क्र.सं. | कामको विवरण (प्याकेज अनुसार) | कार्य प्रगति | प्रतिशत |
|---|---|---|---|
| १ | अध्ययन, पिपिए तथा वित्तीय व्यवस्थापन | सम्पन्न | १००% |
| २ | आधारभुत संरचनाहरु (आवास तथा अफिस गृह, पहुँच मार्ग, कन्स्ट्रक्सन पावर) | सम्पन्न | १००% |
| ३ | सिभिल निर्माण कार्य | सम्पन्न | १००% |
| ४ | हाइड्रो मेकानिकल कार्य | सम्पन्न | १००% |
| ५ | इलेक्ट्रो मेकानिकल कार्य | सम्पन्न | १००% |
| ६ | ट्रान्समिसन लाईन तथा सव स्टेशन कार्य | सम्पन्न | १००% |
| ७ | जग्गा प्राप्ती साथै सामाजिक तथा वातावरण सम्बन्धि कार्य | सम्पन्न | १००% |
| | **आयोजनाहरुको कुल प्रगती प्रतिशत जम्मा** | | **१००%** |
| | **व्यावसायिक उत्पादन मिति (COD)** | **२०७५।०७।११** | |

**कम्पनीको प्रबन्धपत्रको दफा ४ (१) मा उल्लेख भए अनुसार यस कम्पनीको उद्देश्य देहाय बमोजिम हुनेछ :**

क) देशमा जलविद्युत शक्तिको बिकास गर्न स्वदेशी वा विदेशी संघ, संस्था तथा निजी उद्यमी एवं लगानीकर्ताहरुलाई एक आपसमा आवद्ध गरी विद्युतशक्ति उत्पादन, वितरण, सञ्चालन, मर्मत संभार आदि कार्य गर्ने।

ख) नेपाल विद्युत प्राधिकरण जस्ता समान उद्देश्य भएका अन्य संस्था वा कम्पनीहरुसँग सम्पर्क गरी पारस्परीक हित हुने कार्य गर्ने, विद्युत उत्पादन गरी केन्द्रीय प्रशारण लाईन मार्फत बिक्री गर्ने वा अन्य आईपर्ने आवश्यक कार्य गर्न सहयोगात्मक भूमिका निर्वाह गर्ने ।

ग) नेपाल सरकारको सम्बन्धित निकायको स्वीकृती लिई नेपाल अधिराज्यमा नदी नालाहरुबाट विभिन्न स्तरका जल विद्युत आयोजना निर्माण गरी संचालन गर्ने । वायु शक्ति, डिजल प्लान्ट वा अन्य विकसित प्रविधिसँग सम्बन्धित अनुसन्धान कार्य गर्नुका साथै संभावना देखिएका योजनाहरु तर्जुमा गरी विद्युत उत्पादन गर्ने ।

घ) नेपाल विद्युत प्राधिकरणले संचालन गरेका पुराना जलविद्युत केन्द्रहरुको पूनः संचालन गर्ने, विद्युत उत्पादन बृद्धीको लागि आवश्यक सम्झौता गर्ने, ठेक्का लिने, विद्युतसँग सम्बन्धित सेवा व्यवसाय गरी विद्युत निर्यात गरी विदेशी मुद्रा आर्जन गरी देश विकासको काममा सहभागी बन्ने ।

ङ) विद्युत उत्पादन सम्बन्धी प्रविधि हस्तान्तरणको निमित्त अनुभवी एवं ख्याति प्राप्त अन्तर्राष्ट्रिय कम्पनीहरुसँग सम्बन्ध स्थापना गरी कम्पनीलाई हित हुने बिषयहरुमा सम्झौता गर्ने तथा विचारको आदान प्रदान गर्ने, सभा, सेमिनारहरुको आयोजना गर्ने तथा देशमा विद्युतशक्तिको विकास गर्नको लागि आवश्यक जनशक्ति तयार गर्ने ।

च) विद्युत प्रसारणका लागि विभिन्न भोल्टेजका ट्रान्समिसन लाईनहरुको अध्ययन निर्माण, मर्मत, संभार तथा सञ्चालन सम्बन्धी कामहरु गर्ने ।

छ) विद्युत सम्बन्धी उपकरणहरु, मेशिन औजारहरु, सामान विदेशबाट आयात तथा खरिद गरि उपयोग गर्ने, बिक्री वितरण गर्ने, एजेन्सीको कार्य गर्ने ।

ज) जलविद्युत, बैंक, बिमा, सिमेन्ट तथा अन्य कम्पनीहरुमा शेयरधनी भई लगानी गर्ने ।

झ) आवश्यकता अनुसार निम्न विषयहरुमा स्वदेश तथा विदेशमा रहि परामर्शको कार्य गर्नेः
- अ) सिभिल, इलेक्ट्रीकल, मेकानिकल र कम्प्युटर इन्जिनियरिङ्ग सम्बन्धी परामर्श सेवा प्रदान गर्ने ।
- आ) वातावरण, भौगर्भिक, जल तथा मौसम र आर्थिक सामाजिक बस्तुस्थितीको अध्ययन गरी परामर्श सेवा प्रदान गर्ने ।
- इ) जलविद्युत आयोजनाहरुको पूर्व संभाव्यता, बिस्तृत अध्ययन, निर्माण सुपरिवेक्षण तथा मूल्यांकन गर्ने ।
- ई) नविकरणिय उर्जा सम्बन्धी अध्ययन तथा परामर्श सेवा प्रदान गर्ने ।
- उ) जलविद्युत सम्बन्धी आर्थिक तथा सामाजिक अध्ययन तथा विश्लेषण सम्बन्धी परामर्श गर्ने ।

ञ) सम्बन्धित निकायको स्वीकृति लिई देश भित्र रहेका खनिजजन्य उद्योगहरुको पहिचान गर्ने, संभाव्य क्षेत्रका अध्ययन गर्ने, उत्खनन् गर्ने, निर्माण तथा संचालन गर्ने ।

**च) संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा)**: सो नभएको ।

**छ) देहायका कुराहरु समेत उल्लेख गर्नु पर्ने (लागू हुने हदसम्म)** :

(१) **संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरुः** जलविद्युत आयोजनाको निर्माण, संचालन र व्यवस्थापन गर्ने ।

(२) **प्रयोग भएको वा गरिने प्रविधिः** इलाम जिल्लाको इलाम नगरपालिका र माइजोगमाइ हुदै बग्ने माई खोलाको पानी उपयोग गरि जलविद्युत उत्पादन गर्न हेडवर्क्समा डाइभर्सन बाँध, डिस्यान्डिङ बेसिन, पेन स्टक पाइप, विद्युतगृह आदी संरचना रहेका छन् । आयोजनाबाट ७.८ मे.वा. विद्युत उत्पादन गर्न विद्युतगृहमा ३,९०० कि.वा. का २ वटा पेल्टन टर्वाइन र ४,५८८ KVA का २ वटा जेनेरेटर जस्ता उपकरणहरुको प्रयोग गरिएको छ ।

(३) **कुनै ब्रान्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र संगठित संस्थासंग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार** : सो नभएको ।

(४) **संगठित संस्थाले ओगटेको बजार क्षेत्रः** आयोजनाबाट उत्पादित विद्युत राष्ट्रिय विद्युत प्रणाली मार्फत नेपाल विद्युत प्राधिकरणलाई बिक्री गर्ने ।

(५) **नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजना** : थप नयाँ जलविद्युत आयोजनाहरुको बिकास गर्ने ।

(६) **उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिकाः** कम्पनीले उत्पादन गर्ने विद्युत नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरिद बिक्री सम्झौता गरी राष्ट्रिय प्रसारण लाइन मार्फत बिक्री वितरण गर्ने व्यवस्था मिलाईएको छ भने कम्पनीको प्रमुख बजार नेपाल राज्यभर रहनेछ ।

(७) **उत्पादन/संचालन क्षमता र सो को उपभोग स्थिति** : सुपर माई जलविद्युत आयोजनाको उत्पादन क्षमता ७.८ मेगावाट रहेको र उक्त विद्युत राष्ट्रिय विद्युत प्रणाली मार्फत नेपाल विद्युत प्राधिकरणलाई आपूर्ति गरिनेछ ।

(८) **कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता** : इलाम जिल्लाको माई खोलाको प्राकृतिक बहावमा आधारित पानी ।

(९) **गुण नियन्त्रणको लागि गरिएको व्यवस्था** : जलविद्युत संरचना र विद्युत उपकरणहरु उपयुक्त अवस्थामा राख्न आवश्यक व्यवस्था गरिएको ।

(१०) **अनुसन्धान तथा विकास** : आफ्नो उद्देश्य अनुसार सुपरमाई हाईड्रोपावर ७.८ मेगावाट क्षमताको जलविद्युत आयोजनाको अध्ययन/अनुसन्धान पुरा गरी हाल आयोजनाको निर्माण कार्य सम्पन्न भई पूर्ण रुपमा विद्युत उत्पादन भैरहेको छ ।

(११) **विगत १२ महिनाको अवधिमा संस्थाको संचालनमा असर पर्ने गरी भएको वाधा, व्यवधान** : सो नभएको ।

(१२) **मजदुर संगठन संगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण** : सो नभएको ।

(१३) **बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थितिः** सुपर माई जलविद्युत आयोजनाको कुल विद्युत उत्पादन क्षमता ७.८ मेगावाट रहेको हुँदा यस आयोजनाले बजारको सानो अंशलाई मात्र परिपूर्ति गरेको छ । साथै इन्धन तथा सवारी साधन लगायतका कुराहरु पेट्रोलियमबाट विद्युतिय माध्यममा जान लागिरहेको बर्तमान परिप्रेक्ष्यमा ठूलो परिमाणमा उर्जाको माग हुने बर्तमान अवस्थामा विद्युत उत्पादन गर्न सकेमा उक्त विद्युत बिक्री गर्न बजारको कुनै समस्या नरहेको । जलविद्युत आयोजनाको लागि कच्चा पदार्थको खोजी तथा जगेडा गर्नु नपर्ने र उत्पादित विद्युत शक्ति नेपाल विद्युत प्राधिकरण सँग सम्झौता गरी बिक्री गर्न सकिने हुँदा नेपाली लगानीकर्ताको लागि यो लाभदायक र उपयुक्त क्षेत्र रहेको छ ।

(१४) **प्रमुख ग्राहकहरुको विवरण (जस्तै–संस्थाको कूल वार्षिक कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने तत् सम्बन्धी विवरण** : कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच विद्युत खरिद बिक्री सम्झौता भएकोले प्रमुख ग्राहकको रुपमा नेपाल विद्युत प्राधिकरण रहेको छ ।

(१५) **प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै–संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्थाकुनै प्रमुख सप्लायर्ससंग निर्भर छ भने तत्सम्बन्धी विवरण)** : जलविद्युत केन्द्रमा जडित उपकरणहरुको Spare Parts को लागि फोलोवेल इनर्जी प्रा.लि, इन्डियासँग निर्भर रहनु पर्ने अवस्था रहेको छ। त्यस्तै सिभिल संरचनाको भुगोल इन्फ्रास्ट्रक्चर कम्पनी प्रा.लि, इमाडोल, ललितपुर, हाइड्रोमेकानिकल कार्यको लागि डाउन हाइड्रो एन्ड मेकानिकल प्रा.लि काठमाण्डौ, प्रशारण लाइनको लागि पञ्चकन्या माई लिमिटेडद्वारा निर्मित १३२ के.भि.ए प्रशारण लाइनमा Loop In Loop Out गरिएको तथा परियोजनाको डिजाइनकर्ता यूनिट्स ईन्जिनियरिङ्ग कन्सल्टेन्सि, कुपण्डोल रहेको छ।

## ग.३.ख. सम्पत्तिको विवरण :

(क) **संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था :**
कम्पनीको स्वामित्वमा रहेको प्लाण्ट तथा उपकरणहरु इलाम नगरपालिकामा रहेको विद्युतगृह र सव स्टेशनमा जडान भई संचालनमा आईसकेको छ। हालसम्म कम्पनीको नाममा सृजना भै सकेको चलअचल सम्पतिको विवरण देहाय बमोजिम रहेको छ :

### आषाढ मसान्त २०७९

रकम रु हजारमा

| विवरण | अदृष्य सम्पत्ति | | कुल अदृष्य सम्पत्ति | कार्यालय सम्पत्ति | | कुल अदृष्य सम्पत्ति | कुल |
|---|---|---|---|---|---|---|---|
| | सेवा सहमति सम्झौता (Service Concession agreement) | कम्प्युटर सफ्टवेयर | | कार्यालय उपकरण तथा फर्निचर | सवारी साधन | | |
| **खुद शुरु मौज्दात** | १,३७६,२७२ | १६ | १,३७६,२८८ | १,७२९ | १,०९२ | २,८२१ | १,३७९,१०९ |
| आ.व ७८/७९ मा किनेको | २६,९१४ | १८ | २६,९३२ | ५८८ | २६६ | ८५४ | २७,७८६ |
| आ.व ७८/७९ मा वेचेको | – | – | – | – | – | – | – |
| **कुल लागत २०७९ आषाढ मसान्त** | १,४०३,१८६ | ३४ | १,४०३,२२० | २,३१७ | १,३५८ | ३,६७५ | १,४०६,८९५ |
| **अघिल्लो बर्षको ह्रास कट्टि तथा अमोर्टाइजशन** | | | | | | | |
| **०७८/०७९ आषाढ मसान्त सम्मको** | ४५,१३६ | ५ | ४५,१४१ | ४९३ | २५८ | ७५१ | ४५,८९२ |
| **०७८/०७९ आषाढ मसान्त सम्मको अन्तिम मौज्दात** | १,३५८,०५० | २९ | १,३५८,०७९ | १,८२४ | १,१०० | २,९२४ | १,३६१,००३ |
| **सम्पत्ति रहेको स्थान** | केन्द्रीय कार्यालय, ज्ञानेश्वर काठमाण्डौ तथा आयोजना स्थल, ईलाम | | | | | | |
| **सम्पत्ति को अवस्था** | चालु अवस्थामा रहेको | | | | | | |

(ख) **बूँदा (क) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधिमिति समेत उल्लेख गर्नुपर्ने** : आयोजनाको पावरहाउस, स्वीचयार्ड, इन्टेक, सर्ज ट्याङ्क, पेनस्टक पाइप र स्टाफ क्वाटर आफ्नै जग्गामा रहेको छ।

(ग) **यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण** : कम्पनीको स्वामित्वमा रहेको जग्गाहरु आयोजना संचालन तथा निर्माणको लागि लिएको कर्जाको लागि अगुवाई गर्ने बैक, सानिमा बैंक लिमिटेड, काठमाण्डौको नेतृत्वमा सिद्धार्थ बैक, ज्योती विकास बैंक र सेञ्चुरी कमर्सियल बैंकबाट सहवित्तियकरणमा ऋण लिएकोमा उक्त बैकहरुको सम्पुर्ण ऋण चुक्ता गरि हाल राष्ट्रिय बाणिज्य बैंकको नाममा मात्र आयोजना तथा कम्पनीको स्वामित्वमा रहेको सम्पत्ति धितोबन्धक रहेको छ।

(घ) **विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको कितावी मूल्य र बजार मूल्यबीच फरक भएमा सो को विवरण** : कम्पनीको सम्पत्तिहरुको मूल्य परलमोलमा नै राखिएको र पूनर्मुल्यांकन गरिएको छैन।

(ङ) **सम्पत्तिको मूल्यांकन गरिएको तरिका सम्बन्धी विवरण**: लागू नहुने।

## ग.३.ग.भावी योजना तथा रणनीति :

(क) **व्यवसाय/सेवाको बृद्धिका लागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीती :**
कम्पनीले आफ्नो व्यवसाय वा सेवाको वृद्धिका लागि चाल्ने भावी योजना र त्यस्तो योजनाको प्राप्तीका लागि चालिने समयवद्ध रणनीति निम्नानुसार छन्।

(१) कम्पनीको मुख्य उद्देश्य नेपालको जलविद्युत विकासमा एक अग्रणी कम्पनीको रुपमा स्थापित गर्नु रहेको छ।

(२) कम्पनीले दुई वर्षभित्रमा नयाँ जलविद्युत आयोजनाहरुको सम्भाव्यता अध्ययन गरी अन्य जलविद्युत आयोजनाहरु समेत निर्माण गर्दै जाने योजना रहेको छ।

(३) कम्पनीले सरकारी निकायहरुसँग भएको सम्झौता बमोजिम देशमा रहेको जलश्रोतको अधिकतम उपयोग गरी विद्युत उत्पादन गर्ने र सो लाई नेपाल विद्युत प्राधिकरणलाई बिक्री गरी देशमा बढिरहेको विद्युतको मागलाई केही हदसम्म टेवा दिन कम्पनी प्रतिबद्ध रहेको छ।

(४) कम्पनीले आफ्नो उद्देश्य प्राप्तिका लागि व्यवसायिक रूपमा सम्भाब्य देखिएको जलविद्युत आयोजनाहरुमा लगानी गर्ने।

(ख) **प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिको आधारमा संगठित संस्थाको ब्यबसायको भविष्य :**
नेपालमा जलविद्युत उत्पादनको प्रचुर सम्भावना रहेको भएता पनि वर्तमान अवस्थामा जलविद्युतको विकासको सम्भावना उच्च रहेको र कुल राष्ट्रिय उर्जा खपतको करीब ३% मात्र विद्युतबाट आपूर्ति भएको अवस्था देखिन्छ। देशमा माग बमोजिम जलविद्युत आपूर्तिको कमी रहेको हालको पृष्ठभूमिमा जलविद्युत आयोजना निर्माण गर्नु आफैंमा सह्रानिय काम भएको र विद्युत उत्पादन हुनु अगावै विद्युत खरिद बिक्री सम्बन्धि

सम्झौता समेत सम्पन्न हुनुले यस क्षेत्रमा अन्य समान किसिमका उद्योगसँग प्रतिस्पर्धा नरहने हुँदा यस कम्पनीले जलविद्युत क्षेत्रमा आफ्नो अलग पहिचान स्थापित गर्न सफल हुनेछ। जलविद्युत आयोजनाहरुको पर्याप्त विकास हुन सके विद्युतको आन्तरिक खपत तथा छिमेकी राष्ट्मा विद्युतको व्यापारको सम्भावना रहेको हुँदा नयाँ विद्युत आयोजनाहरुमा लगानी विस्तार गर्नका लागि कम्पनीको भविष्य राम्रो रहेको छ। त्यसैले हालको अवस्थामा यस व्यवसायमा प्रतिस्पर्धाको अवस्था सृजना हुनसक्ने सम्भावना ज्यादै न्यून रहेको छ। यसर्थ कम्पनीले आफ्नो व्यावसायको निरन्तरताका लागि अगाडि बढाएको जलविद्युत आयोजनाको निर्माण र अन्य आयोजनाहरुको पहिचान तथा विकास गर्दा अन्य वस्तुको उत्पादनमा जस्तो प्रतिस्पर्धा गर्नु पर्दैन। नेपालमा जलविद्युत आयोजनामा लगानीको राम्रो सम्भावना रहेको छ।

### ग.३.घ. सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था:

यस कम्पनीको नियमावलीको नियम २७ (२) मा भएको व्यवस्था वमोजिम यस कम्पनीमा महिला सहित ७ जनाको निम्न अनुसार संचालक समिति हुनेछ।

**तपसिल**

| क्र.सं | समुह | संख्या |
|---|---|---|
| १. | संस्थापक शेयरधनीहरुबाट मनोनित/निर्वाचित | ५ जना |
| २. | सर्वसाधारण शेयरधनीहरुबाट मनोनित/निर्वाचित | १ जना |
| ३. | स्वतन्त्र संचालक | १ जना |
| | **जम्मा** | **७ जना** |

**संचालक हुनका लागि लिनुपर्ने न्यूनतम शेयर संख्या** : कम्पनीको नियमावलीको नियम २८ मा भएको व्यवस्था अनुसार यस कम्पनीको संचालकको पदमा नियुक्ति हुनका लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा कम्तीमा १०० (एक सय) कित्ता शेयर लिएको हुनु पर्दछ। तर स्वतन्त्र संचालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यवस्था लागू हुनेछैन।

### ग.४.पूँजी संरचना सम्बन्धी जानकारी :

(क) **अधिकृत, जारी तथा चुक्ता पूँजी र संस्थाको स्थापना पश्चात् सोमा परिवर्तन भएको भए तत्सम्वन्धी विवरण** :

१. **अधिकृत पूँजी (Authorised Capital):**
कम्पनीको अधिकृत पूँजी रु. ५०,००,००,०००/- (अक्षरेपी पचास करोड मात्र) हुनेछ। सो पूँजीलाई प्रति शेयर रु. १००/- दरका ५०,००,००० (पचास लाख मात्र) थान साधारण शेयरमा विभाजन गरिएको छ।

२. **जारी पूँजी (Issued Capital):**
कम्पनीको जारी शेयर पूँजी रु. ५०,००,००,०००/- (अक्षरेपी पचास करोड मात्र) हुनेछ। सो पूँजीलाई प्रति शेयर रु. १००/- दरका ५०,००,००० (पचास लाख मात्र) थान साधारण शेयरमा विभाजन गरिएको छ।

३. **चुक्ता पूँजी (Paid up Capital):**
कम्पनीको हाल चुक्ता पूँजी रु. ४०,००,००,०००/- (अक्षरेपी चालिस करोड मात्र) रहेको छ। सो पूँजीलाई प्रति शेयर रु. १००/- दरका ४०,००,००० (चालिस लाख मात्र) थान साधारण शेयरमा विभाजन गरिएको छ। सो मा ५,००,००० कित्ता शेयर आयोजना प्रभावित क्षेत्रका स्थानिय बासिन्दाहरुका लागि तथा ५,००,००० कित्ता सर्वसाधारणमा निष्काशन तथा बाँडफाँड भएपछि कम्पनिको चुक्ता पूँजी रु.५०,००,००,०००/- (अक्षरेपी पचास करोड मात्र) हुनेछ।

**कम्पनीको स्थापना पश्चात् अधिकृत, जारी एवं चुक्ता पूँजीमा निम्न बमोजिम परिवर्तन भएको छ।**

| क्र.सं | आर्थिक बर्ष | अधिकृत पूँजी (रु.) | जारी पूँजी (रु.) | चुक्ता पूँजी (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| १. | ०७३/७४ | ४०,००,००,०००/- | ४०,००,००,०००/- | - | २०७४/०३/२९ मा कम्पनी रजिष्ट्रारको कार्यालय बाट प्राप्त पत्र बमोजिम। |
| २. | ०७८/७९ | ५०,००,००,०००/- | ५०,००,००,०००/- | - | २०७४/०३/२९ मा कम्पनी रजिष्ट्रारको कार्यालय बाट प्राप्त पत्र बमोजिम। |

(ख) **निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप)** :
कम्पनीको प्रबन्धपत्रको दफा ६ मा उल्लेख भए अनुसार स्थानियवासी तथा सर्वसाधारणहरुमा साधारण शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् हुने कम्पनीको चुक्ता पूँजीको संरचना देहाय बमोजिम रहेको छ :

| क्र.सं. | शेयरधनीहरु | शेयर संख्या | चुक्ता रकम (रु.) | पूँजी संरचना | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| १. | संस्थापक शेयरधनी | ४०,००,००० | ४०,००,००,०००/- | ८०% | शतप्रतिशत |
| २. | सर्वसाधारण शेयरधनी समुह | | | | |
| | *क. आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरु* | *५००,०००* | *५,००,००,०००/-* | *१०%* | *निष्काशन पश्चात* |
| | *ख. सर्वसाधारणहरु ( वैदेशिक रोजगारीमा रहेका नेपाली, कर्मचारीहरु तथा सामूहिक लगानी कोष समेत)* | *५००,०००* | *५,००,००,०००/-* | *१०%* | *निष्काशन पश्चात* |
| | **जम्मा** | **५०,००,०००** | **५०,००,००,०००/-** | **१००%** | |

**नोट : स्थानीय र सर्वसाधारणहरुलाई बिक्री गरिने शेयर रकम चुक्ता हुन बाँकी रहेको छ। साथै कम्पनीको सञ्चालक समितिबाट निर्णय भए बमोजिम प्रबन्धपत्रमा सर्वसाधारण समुहको पूँजी संरचना आगामी बार्षिक/बिशेष साधारण सभा बाट सुधार गरिनेछ।**

(ग) **शेयर प्रिमियम खाता (निष्काशन पूर्व र निष्काशन पश्चात्)** : शेयर प्रिमियम खाताको ब्यवस्था हाल नरहेको।

## ग. ५.संस्थापक/संचालक सम्बन्धी जानकारी :

### ग.५.क. संस्थापक/संचालकको पृष्ठभूमी :

(क) आधारभूत शेयरधनीहरु तथा संचालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव र प्रस्तावित ब्यापार/व्यवसायमा अनुभव :

**आधारभूत शेयरधनीको विवरण :**

| क्र. सं | नाम, ठेगाना | पद | उमेर (वर्ष) | राष्ट्रियता | शेयर स्वामित्व (कित्ता) | शैक्षिक योग्यता | अनुभव | प्रस्तावित ब्यापार/व्यवसायमा अनुभव |
|---|---|---|---|---|---|---|---|---|
| १. | अशोक कुमार खड्का धनगढी ३, सिरहा । | अध्यक्ष/ संस्थापक | ५२ | नेपाली | १,७०,००० | एम.बि.एस. | प्रमुख कार्यकारी अधिकृत –नेको ईन्स्योरेन्स । (२०७६ देखि हाल सम्म) | संचालक – सुपरमाई हाइड्रोपावर लिमिटेड । (२०७८ देखि हाल सम्म) |
| २. | कृति कुमारी महतो का.म.न.पा ९, काठमाण्डौ । | संस्थापक | ३९ | नेपाली | २,५०,००० | प्रविणता प्रमाणपत्र तह | संचालक- नेको इन्स्योरेन्स (२०७१ देखि २०७४ सम्म) | संस्थापक-सुपरमाई हाईड्रोपावर लिमिटेड । (२०७८ देखि हाल सम्म) |
| ३. | सबिता बर्तौला बुढानिलकण्ठ न.पा-४, काठमाण्डौ । | संचालक/ संस्थापक | ३९ | नेपाली | ५,१०,८९२ | एम.ए. | प्रबन्ध संचालक – त्रिमुर्ती इन्टरनेशनल ट्रेड कम्पनी लिमिटेड । (२०६६ देखि हाल सम्म) | संचालक – सुपरमाई हाईड्रोपावर लिमिटेड । (२०७३ देखि हाल सम्म) |
| ४. | कैलाशमान राजभण्डारी का.म.न.पा.-२५, काठमाण्डौं । | संचालक/ संस्थापक | ४५ | नेपाली | ८९,४६४ | आई.ए | प्रोपाइटर – कलिना ईन्टरप्राइजेज । (२०७६ देखि हाल सम्म) प्रबन्ध संचालक- भिगोर ईन्टरप्राईजेज । (२०७४ देखि हाल सम्म) | १. संचालक – सुपरमाई हाईड्रोपावर लिमिटेड । (२०७३ देखि हाल सम्म) |
| ५. | राजेन्द्र कुमार बि.सी बनगाड कुपिण्डे न.पा.-१ सल्यान । | संस्थापक | ४१ | नेपाली | १,८१,०७२ | एम.एस.सि ईन्जिनियर | अध्यक्ष युनिट्स ईन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि । (२०६४ देखि हाल सम्म) | संचालक– सुपरमाई हाईड्रोपावर लिमिटेड । (२०७३ देखि २०७९ श्रावण मसान्त सम्म) संचालक– संयुक्त ऊर्जा प्रा.लि । (२०७५ देखि हाल सम्म) |
| ६. | गोपाल प्रसाद निउरे भरतपुर म.न.पा.-१५ चितवन । | संस्थापक | ४१ | नेपाली | ७६,४७० | एम.एस.सि ईन्जिनियर | प्रबन्ध संचालक- युनिट्स ईन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि । (२०६४ देखि हाल सम्म) | प्रबन्ध संचालक– संयुक्त ऊर्जा प्रा.लि । (२०७६ देखि हाल सम्म) |
| ७. | किरण कुमार श्रेष्ठ बिराटनगर १४, मोरङ । | संस्थापक | ३६ | नेपाली | ६३८७५ | कानुन स्नातक | प्रबन्ध निर्देशक-आकृति प्रा.लि. । (२०५१ देखि हाल सम्म) प्रबन्धक निर्देशक-आशा प्रा.लि । (२०५८ देखि हाल सम्म | संस्थापक शेयरधनी -सुपरमाई हाईड्रोपावर लिमिटेड । (२०७८ भाद्र देखि हाल सम्म) |
| ८. | मोहन विक्रम कार्की, सुनकोशी गा.पा-६, सिन्धुपाल्चोक । | संस्थापक | ४८ | नेपाली | ५,५६,२५० | आइ.ए | अध्यक्ष – स्नो रिभर्स प्रा.लि । (२०७७ देखि हाल सम्म) | अध्यक्ष – सुपरमाई हाईड्रोपावर लिमिटेड । (२०७३ देखि २०७९ श्रावण मसान्त सम्म) अध्यक्ष–आशुतोस इनर्जि प्रा.लि । (२०७७ देखि हाल सम्म) अध्यक्ष – हिलटन हाईड्रो प्रा.लि । (२०७७ देखि हाल सम्म) |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९. | वेद बहादुर श्रेष्ठ भोटेकोशी गा.पा.-५, सिन्धुपाल्चोक । | संस्थापक | ४७ | नेपाली | १,८५,७१५ | टेस्ट पास | निबर्तमान अध्यक्ष– सिन्धुपाल्चोक उद्योग बाणिज्य संघ । (२०७४ देखि २०७७ सम्म) संचालक– बिजी बन्कुइट एण्ड ईभेन्ट । (२०७७ देखि हाल सम्म) | संस्थापक शेयरधनी– सुपरमाई हाइड्रोपावर लिमिटेड । (२०७३ देखि हाल सम्म) |
| १०. | वम बहादुर थापा विराटनगर म.न.पा.-७, मोरङ । | संस्थापक | ५३ | नेपाली | २,४७,५७१ | वि.ए | लेखा समिति सभापति- सुप्रज्ञा सहकारी संस्था । (२०७१ देखि हाल सम्म) अध्यक्ष पद्मोदय प्रा.लि । (२०७४ देखि हाल सम्म) अध्यक्ष पाथिभरा एकेडेमी (२०७२ देखि हाल सम्म) | संस्थापक शेयरधनी– सुपरमाई हाइड्रोपावर लिमिटेड । (२०७३ देखि हाल सम्म) संचालक सुपर सेति (२०७७ देखि हाल सम्म) परियोजना संचालक हिम रिभर प्रा.लि । (२०७८ देखि हालसम्म) |
| ११. | दल बहादुर रुम्बा सुनकोशी गा.पा.-४ सिन्धुपाल्चोक । | संस्थापक | ४८ | नेपाली | १,८५,७१४ | टेस्ट पास | - | संस्थापक शेयरधनी– सुपरमाई हाइड्रोपावर लिमिटेड । (२०७३ देखि हाल सम्म) संस्थापक शेयरधनी– आशुतोष ईनर्जी प्रा.लि । (२०७७ देखि हाल सम्म) |
| १२. | सुवाश प्रधान का.म.न.पा-५ काठमाण्डौं । | संस्थापक | ४१ | नेपाली | १,४३,१०८ | बि.कम | संचालक– पि.एन.ई मार्केटिङ प्रा.लि । (२०७२ देखि हाल सम्म) | संस्थापक शेयरधनी– सुपरमाई हाइड्रोपावर लिमिटेड । (२०७३ देखि हाल सम्म) |
| १३. | महेन्द्र लाल श्रेष्ठ पालुङटार न.पा.-२ गोरखा । | संस्थापक | ४७ | नेपाली | ४७,७१३ | एस.एल.सि | प्रो–एम.डि ट्रेड लिन्क । (२०५८ देखि हाल सम्म) | संस्थापक शेयरधनी– सुपरमाई हाइड्रोपावर लिमिटेड । (२०७६ देखि हाल सम्म) |
| १४. | मेघनाथ ढुंगाना इलाम न.पा.- २ इलाम । | संस्थापक | ४६ | नेपाली | ५०,००० | सिभिल ओभरसियर | - | संस्थापक शेयरधनी– सुपरमाई हाइड्रोपावर लिमिटेड । (२०७५ देखि हाल सम्म) |
| १५ | पूर्णध्वज कार्की सुनकोशी गा.पा-६, सिन्धुपाल्चोक । | संस्थापक | ४० | नेपाली | ७५,००० | बि.ए | - | संस्थापक शेयरधनी– सुपरमाई हाइड्रोपावर लिमिटेड । (२०७३ देखि हाल सम्म) |
| १६ | तारा बहादुर कार्की सुनकोशी गा.पा-६, सिन्धुपाल्चोक । | संस्थापक | ४६ | नेपाली | ५६,४६८ | एम.ए | - | संस्थापक शेयरधनी–सुपरमाई हाइड्रोपावर लिमिटेड । |
| १७ | श्रीष खड्का धनगढी ३, सिरहा । | संस्थापक | १९ | नेपाली | ७६,३७१ | +२ | - | संस्थापक शेयरधनी–सुपरमाई हाइड्रोपावर लिमिटेड । (२०७८ देखि हाल सम्म) |
| १८ | सन्तोष न्यौपाने रैनाश न.पा. वडा नं. ४ लमजुङ्ग । | संस्थापक | ४० | नेपाली | ५६,००० | एम.सि.एम | - | संस्थापक शेयरधनी– सुपरमाई हाइड्रोपावर लिमिटेड । (२०७३ देखि हाल सम्म) संस्थापक शेयरधनी–सयपत्री हाड्रोपावर लिमिटेड । |
| १९ | मोतीराम वली कुमाघ गा.पा.वडा नं. ३, सल्यान । | संस्थापक | ३९ | नेपाली | ८०,००० | टेस्ट पास | - | संस्थापक शेयरधनी– सुपरमाई हाइड्रोपावर लिमिटेड । (२०७७ देखि हाल सम्म) संस्थापक शेयरधनी–संयुक्त उर्जा प्रा.लि । (२०७५ देखि हाल सम्म) |

| क्र. सं | नाम, ठेगाना | पद | उमेर (वर्ष) | राष्ट्रियता | शेयर स्वामित्व (कित्ता) | शैक्षिक योग्यता | अनुभव | प्रस्तावित ब्यापार/ब्यवसायमा अनुभव |
|---|---|---|---|---|---|---|---|---|
| २० | सन्नी अग्रवाल का.म.न.पा. वडा नं. १, काठमाण्डौं। | संस्थापक | २७ | नेपाली | ५०,००० | बि.बि.ए | - | संस्थापक शेयरधनी– सुपरमाई हाइड्रोपावर लिमिटेड। (२०७७ देखि हाल सम्म) |
२. सर्वसाधारण लगानीकर्ताहरुको हकमा सि-आस्वा (C–ASBA) प्रणाली मार्फत मात्र आवेदन दिन सकिने व्यवस्था भएको हुँदा आफ्नो खाता रहेको बैंक तथा वित्तीय संस्था मार्फत वा हाल सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड (CDSC) ले प्रयोगमा ल्याएको मेरो शेयर (MERO SHARE) मार्फत शेयर खरिदका लागि आवेदन गर्न सकिनेछ।

३. आयोजना प्रभावित क्षेत्र इलाम जिल्लाको इलाम नगरपालिका बरबोटे ५, सुम्बेक २, माईजोगमाई गाँउपालिका ५, सोयाङ्ग का आयोजना प्रभावित स्थानीय बासिन्दाहरुले यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर निम्न बमोजिम प्रकृया पुरा भएको अवस्थामा शेयर खरिद गर्न आवेदन दिन सक्नेछन्ः

क. आवेदकले दरखास्त फाराममा तोकिए बमोजिम सम्पूर्ण विवरण भरी अनिवार्य रुपले हालसालै खिचेको फोटो सहित आफैले दस्तखत गरी आयोजना प्रभावित क्षेत्रको बासिन्दा प्रमाणित गर्ने स्थानिय निकायबाट जारी कागजात सहित दरखास्त फाराम बुझाउनु पर्नेछ।

ख. १६ बर्ष उमेर पुगेको हकमा आवेदकले आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपी स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा दरखास्त फारम बुझाउँदा पेश गर्नुपर्नेछ।

४. १६ बर्षभन्दा कम उमेरका लागि आमा/बाबुले संरक्षक भई आवेदन दिनु परेमा नेपाल सरकारको पञ्जिकाधिकारीको कार्यालयबाट प्राप्त नाबालकको जन्मदर्ता प्रमाण-पत्रको प्रतिलिपी संरक्षकद्धारा अनिवार्य रुपमा प्रमाणित गरी आवेदनसाथ पेश गर्नुपर्नेछ। साथै दरखास्त फाराममा संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी समेत संरक्षक स्वयंले प्रमाणित गरी संलग्न गर्नु पर्नेछ।

५. विवाह भै आएका महिलाका हकमा विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपी समेत संलग्न गरेको हुनु पर्नेछ।

६. बसाईं सराई गरी आएको हकमा आह्वानपत्र प्रकाशित हुनुभन्दा अगावै बसाई सराई गरी आएको प्रमाणपत्रको प्रतिलिपी समेत संलग्न गरेको हुनुपर्नेछ।

७. १६ वर्ष उमेर पुगी नागरिकता लिएको तर विवाह गरी आयोजना प्रभावित क्षेत्र छाडी अन्य स्थानमा गएका महिला एवं आयोजना प्रभावित क्षेत्र छाडी बसाई सराई गरी गएका व्यक्ति र परिवारहरुमा उल्लेखित सुरक्षित शेयर लिने अधिकार रहने छैन।

८. आमा बाबु बाहेक अन्य व्यक्ति संरक्षक भै नाबालक वा विक्षिप्त व्यक्तिको नाममा दरखास्त दिंदा कानून बमोजिम संरक्षकत्वको प्रमाण पेश गर्नुपर्नेछ।

९. धितोपत्र खरिद गर्नका लागि दरखास्त दिन चाहनेले तोकिएको संकलन केन्द्रमा शेयर खरिदको लागि दरखास्त बुझाउनु पर्नेछ। छ

१०. आवेदन फारम बुझाउँदा दरखास्त फाराममा न्यूनतम रुपमा खुल्नुपर्ने भनि तोकिएका विवरणहरु सबै स्पष्ट रुपमा भरेको दरखास्त फारम बुझाउनु पर्नेछ।

११. एक व्यक्तिले आफुले लिन चाहेको सम्पूर्ण शेयरको लागि एकवटा मात्र आवेदन गरेको हुनुपर्नेछ। यदि एकै व्यक्तिले एक भन्दा बढी आवेदन दिएको भेटिएमा निजले दिएको सबै आवेदनहरुलाई रद्द गरिनेछ।

१२. आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुबाट आवेदन माग गर्दा बसाई सराई वा अन्य कारणले बसाई सरेकाहरुले आवेदन दिन पाउने छैनन्।

१३. आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुले साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिने व्यक्ति स्वयंले दरखास्त फाराममा दस्तखत गरी तोकिएको संकलन केन्द्रहरुमा साधारण शेयर खरिदका लागि दरखास्त बुझाउनु पर्नेछ। यसरी दरखास्त फाराममा दस्तखत नगरेको र तोकिएका संकलन केन्द्रहरु बाहेक अन्य स्थानहरूमा दरखास्त फारम बुझाएको दरखास्त फारमलाई रद्द गरिनेछ।

१४. आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुले शेयर खरिद गरेमा सर्वसाधारणका लागि सार्वजनिक निष्काशन गरिने साधारण शेयरको लागि पुनः आवेदन दिन पाउने छैनन्।

१५. सम्पूर्ण दरखास्तवालाहरु (नाबालकहरु समेत) ले अनिवार्य रुपमा आफ्नो खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना र खाता नम्बर समेत स्पष्ट रुपमा दरखास्त फाराममा खुलाउनु पर्नेछ। दरखास्तवालाले दरखास्त फाराममा आफ्नो खाता नम्बर उल्लेख गर्दा Nepal Clearing House को सदस्य भएको बैंक वा वित्तीय संस्थामा भएको खाता नम्बर उल्लेख गर्नु पर्नेछ।

१६. रु.५०,०००।- भन्दा बढी लगानी गर्ने दरखास्तवालाले दरखास्त दिंदा अनिवार्य रुपमा एकाउन्टपेयी चेक मार्फत रकम जम्मा गर्नु पर्नेछ।

१७. रु.५ लाख सम्म रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले स्वेच्छिक रुपमा र रु.५ लाख भन्दा बढी रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले अनिवार्य रुपमा प्यान (PAN No.) नम्बर दरखास्त फाराममा खुलाउनु पर्नेछ। यस अतिरिक्त रु.५,००,०००/- वा सोभन्दा

बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिँदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ।

१८. दरखास्तवालाले एकाघर परिवार बाहेक एक भन्दा बढी दरखास्त फारम समावेश गरी आवेदन दिएको अवस्थामा प्रत्येक दरखास्तवालाले आफ्नै खाताको एकाउण्ट पेयी चेक बुझाउनुपर्नेछ।

१९. शेयरको बाँडफाँड गरी सूचीकरण भए पश्चात् बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने भएकोले सम्पूर्ण आवेदकहरुले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता नं. आवेदन फाराममा उल्लेख गर्नु पर्नेछ।

**बैदेशिक रोजगारीमा रहेका नेपालीहरुलाई निष्काशन गरिने साधारण शेयरमा निम्न बमोजिमको प्रक्रिया पुरा भएको अवस्थामा शेयर खरिदका लागि आवेदन दिन सकिनेछ :**

१. नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्विकृति लिई विदेशमा वसी रोजगारी गरिरहेका नेपालीहरुले यस विवरणपत्र अनुसार निष्काशित शेयरमा आवेदन गर्न पाउनेछन्।

२. यस विवरणपत्र अनुसार धितोपत्र खरिद गर्न चाहने नेपालीहरुले शेयरमा आवेदन दिंदा नेपाल धितोपत्र बोर्डबाट दरखास्त संकलन सम्बन्धि कार्य गर्न अनुमति प्राप्त आस्वा सदस्य बैंक वा वित्तीय संस्थामा रहेको विप्रेषण (रेमिट्यान्स) बचत खाता मार्फत मात्र भुक्तानी गर्नुपर्नेछ।

३. शेयरमा आवेदन गर्न विप्रेषण (रेमिट्यान्स) बचत खातामा पछिल्लो ६ महिनामा कम्तीमा ५० हजार नेपाली रुपैयाँ सम्बन्धित आवेदकले आफु रोजगार रहेको मुलुकबाट जम्मा गरेको हुनु पर्नेछ।

४. यसरी निष्काशित शेयरमा आवेदन दिएका विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकले सर्वसाधारणलाई छुट्याईएको शेयरमा आवेदन गर्न सक्ने छैनन्। साथै अन्य शर्त तथा ब्यवस्थाहरु सर्वसाधारणलाई निष्काशन गरिने शेयरमा आवेदन दिँदा पुऱ्याउनु पर्ने प्रकृया अनुसारकै हुनेछ (लागू हुने हद सम्म)।

**सर्वसाधारणमा निष्काशन गरिने साधारण शेयर निम्न बमोजिम प्रक्रिया पुरा भएको अवस्थामा शेयर खरिद गर्न आवेदन दिन सक्नेछ :**

१. यस विवरणपत्रबाट निष्काशन हुने धितोपत्र खरिदका लागि दरखास्त दिन चाहनेले नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतिय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ बमोजिम सार्वजनिक निष्काशन प्रणाली मार्फत आवेदन संकलन गर्न आवद्ध ASBA सेवामा सहभागी बैंक तथा वित्तीय संस्था तथा तिनका शाखा कार्यालयहरुबाट आवेदन दिन सक्नेछन्।

२. आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाले ASBA अन्तर्गत लिने आवेदनको ढाँचा धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतीय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ को अनुसुची ५ बमोजिम हुनुपर्नेछ।

३. सर्वसाधारणको हकमा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराइएको “मेरो शेयर” सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन्।

४. रितपूर्वक प्राप्त नभएको दरखास्त तथा आवेदन फाराममा उल्लेख भएको हितग्राही खाता नं. र आवेदकको नाम सिडिएससीको अभिलेखमा फरक परेको पाईएमा सो फारामलाई शेयर बाँडफाँडमा समावेश नगरिने हुँदा आवेदन फाराममा भरेको हितग्राही खाता नं. आवेदक स्वयंले एकिन गर्नुपर्नेछ।

५. धितोपत्र खरिदका लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिई सकेपछि खरिद गर्न चाहेको धितोपत्र बापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई रद्द गरिने हुँदा सो कुराको जानकारी आवेदक स्वयंले जानकारीमा लिनु पर्नेछ।

६. धितोपत्र बाँडफाँड गर्नु पूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनु पर्नेछ।

७. शेयरको बाँडफाँड गरी सूचीकरण भए पश्चात् बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेका शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने भएकोले सम्पूर्ण आवेदकहरुले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता नं आवेदन फाराममा उल्लेख गर्नु पर्नेछ।

८. संगठित संस्थाको सञ्चालक, कार्यकारी प्रमुख, लेखापरीक्षक, कम्पनी सचिव वा संगठित संस्थाको व्यवस्थापन वा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रुपले संलग्न व्यक्तिले त्यस्तो पदमा बहाल रहँदाको बखत वा त्यस्तो पदबाट अवकाश प्राप्त गरेको मितिले एक वर्षसम्म सम्बन्धित संगठित संस्था वा त्यसको सहायक कम्पनीको धितोपत्र आफ्नो वा आफ्नो परिवारको सदस्य वा अन्य कुनै व्यक्ति वा त्यस्ता व्यक्तिको नियन्त्रणमा रहेको फर्म, कम्पनी वा संस्थाको नाममा वा अन्य व्यक्तिलाई खरिद विक्री गर्न गराउन वा हस्तान्तरण गर्न वा लेनदेन गर्न सक्नेछैन।

९. सङ्गठित संस्थाले प्रारम्भिक सार्वजनिक निष्काशन मार्फत जारी गरेको शेयर खरिदका लागि प्राकृतिक ब्यक्तिले मात्र दरखास्त दिन सक्नेछन्। तोकिएको अवधिभित्र बिक्री नभएमा संङ्गठित संस्था वा प्रचलित कानून वमोजिम स्थापना भएका संस्थाले त्यस्तो शेयर खरिद गर्न सक्नेछ।

१०. रु.५ लाख सम्म रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले स्वेच्छिक रुपमा र रु.५ लाख भन्दा बढी रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले अनिवार्य रुपमा स्थायी लेखा (PAN No.) नम्बर दरखास्त फारममा खुलाउनु पर्नेछ। यस अतिरिक्त रु.५,००,०००/- वा सोभन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिँदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ।

## ग.११. सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण :

**निष्काशनकर्ता संगठित संस्था र निम्न लिखित पक्ष बीच विगत २ बर्षको अवधिमा कुनै प्रकारको बस्तुगत कारोवार भएको वा कुनै कारोवार गर्न प्रस्ताव गरिएको भए कारोवारमा संलग्न ब्यक्तिहरुको नाम, तिनीहरुको संगठित संस्था संगको सम्बन्ध, कारोबारको प्रकृति र रकम :**

(क) **संगठित संस्थाको प्रवन्ध संचालक वा संचालकको रुपमा रहेको ब्यक्तिः** कारोबार नभएको।

(ख) **आधारभूत शेयरधनी :** कारोबार नभएको।

(ग) **खण्ड (क) र (ख) मा उल्लेखित कुनै व्यक्तिको एकाघर परिवारको सदस्यः** कारोबार नभएको ।

(घ) **संगठित संस्थाको प्रवन्ध संचालक वा संचालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था :** सो नभएको ।

(ङ) **संगठित संस्था वा त्यसको सहायक कम्पनीले हालको संचालक वा नीजको एकाघरको परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ बर्ष अगाडिको अवधिमा संस्थाको संचालक वा संचालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको भए सोको बिवरणः** कुनै कारोवार वा सम्झौता गरेको छैन ।

(च) **कुनै संचालक वा संचालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋण बापत लिएको रकम, ऋणको ब्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदि कुरा विवरणपत्रमा खुलाउनु पर्ने :** ऋण कारोबार गरेको छैन ।

## ग.१२. विदेशी लगानी र व्यवस्थापन सम्बन्धी विवरण :

**विदेशी लगानी र व्यवस्थापनमा संगठित संस्था संचालनहुने भए सो को विवरणका साथै सम्बन्धित सम्झौताको मुख्य तथा तात्विक बुँदाहरु :** कम्पनीमा विदेशी लगानी र विदेशी व्यवस्थापनमा नरहेको ।

## ग.१३. सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा देहायको विवरण उल्लेख गर्नु पर्ने :

(क) **संगठित संस्थाको विगत ३ आर्थिक बर्षको प्रत्येक त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोवार भएको शेयर संख्या :** निष्काशनकर्ता कम्पनी सूचीकृत संगठित संस्था नभएको ।

(ख) **बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नु भन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोवार भएको कुलदिन र कुल कारोबार भएको धितोपत्रको संख्या :** नभएको ।

## ग.१४. पछिल्लो सार्वजनिक निष्काशनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण :

**संगठित संस्थाले यस भन्दा अगाडी धितोपत्र निष्काशन गर्दा तयार गरेको विवरणपत्र वा अन्य विवरणहरुमा उल्लेखीत गरिएका लक्ष्य तथा कार्यक्रमहरु तथा खुद मुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खुद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्यून हुन गएको भए यसरी फरक पर्नाको कारण :** हाल सम्म कुनै सार्वजनिक निष्काशन नगरिएको ।

## ग.१५. परामर्शदाता/ बिशेषज्ञ सम्बन्धी विवरणः

(क) **लेखापरिक्षक, प्रमुख बैंक, निष्काशन कार्य संग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना :**

अ) आ.ब. २०७८/०७९ को लेखापरीक्षण चार्टर्ड एकाउन्टेन्ट्स संस्था श्री कडेंल एण्ड एसोसिएट्सले गरेको छ।

आ) कम्पनीको वित्तीय विवरण प्रक्षेपण विगत बर्षको कारोवारको आधारमा निष्काशन कम्पनीले तयार गरेको हो । उक्त वित्तीय प्रक्षेपणको आधारहरु तथा तरिका पुनरावलोकन गरी ठिक छ भनि चार्टर्ड एकाण्टेण्ट संस्था श्री साकेत आचार्य एण्ड एशोसिएट्सले प्रमाणित गर्नु भएको छ।

इ) यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयर निष्काशनका लागि निष्काशन तथा बिक्री प्रबन्धकमा सानिमा क्यापिटल लिमिटेड, सम मार्ग, नक्साल- १, काठमाण्डौलाई नियुक्त गरिएको छ।

ई) यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयर निष्काशनका लागि निष्काशन बैंक (Banker to the issue) को कार्य गर्न देहायको बैंक लाई नियुक्त गरिएकोछ, जसको विवरण निम्न बमोजिम रहेकोछ।

| बैंकको नाम | खाताको नाम | खाता नं. |
|---|---|---|
| सानिमा बैंक लिमिटेड | सानिमा क्यापिटल लिमिटेड (सुपरमाई आइपिओ) | ९०९०१००१००००१७७ |

साथै आवश्यकता अनुसार ३ दिन भित्र बोर्डलाई जानकारी दिई अन्य वाणिज्य बैंकहरुलाई समेत यस शेयर निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ।

(ख) **माथि खण्ड (क) मा उल्लेखित संस्था वा व्यक्ति संग भएको सहमतिका मुख्य मुख्य बुंदा तथा शर्तहरु :** सो नभएको ।

## ग.१६. आयोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्काशन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरण :

संस्थापक शेयरधनीहरुको स्वपूँजी र बैंक तथा वित्तीय संस्थाहरुबाट ऋण प्राप्त गरी आयोजना सम्पन्न गरिएको र हाल नियमित आयबाट नैं कम्पनी र आयोजनाका कामहरु संचालन भै रहेको साथै ऋण भुक्तानी अवधि आयोजनाको ब्यापारिक उत्पादन मिति देखि १२ वर्ष रहेको छ। कम्पनीले आर्थिक वर्ष २०७९ आषाढ मसान्तसम्ममा बैंकको ६ किस्ता बापत रु.११,४२,१०,००० रुपैंया भुक्तानी गरेको छ र बैंकको औसत वार्षिक ब्याजदर ८ प्रतिशत रहेको छ। आयोजना सम्पन्न गर्नको लागि सानिमा बैक लिमिटेडको अगुवाईमा, सिद्धार्थ बैंक लिमिटेड, सेञ्चुरी कर्मसियल बैंक लिमिटेड र ज्योति बिकास बैक लिमिटेडबाट ऋण लिईएकोमा माथि उल्लेखित बैकको ऋण स्वाप गरि राष्ट्रिय बाणिज्य बैक लिमिटेडबाट ऋण लिईएको, सोको विस्तृत विवरण तपसिल वमोजिम रहेको छ।

**तपसिल**

**सुपरमाई जलविद्युत आयोजना (७.८ मेगावाट)**

| क्र.सं. | बैंकको नाम | जम्मा कर्जा रकम | भुक्तानी भएको किस्ता रकम | बाँकी कर्जा रकम | बाँकी कर्जा भुक्तान गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|
| १. | राष्ट्रिय बाणिज्य बैक लिमिटेड | १,०५,५७,००,००० | ११,४२,१०,००० | ९४,१४,९०,००० | २०८७ माघ २८ |

## ग.१७. मुद्दा तथा विवाद सम्बन्धी विवरण :

(क) **संगठित संस्थाको तरलता, मौज्दात, कार्य संचालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दा मामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारणा** : सो नभएको ।

(ख) **संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/संचालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरण:** सो नभएको ।

(ग) **विगत पाँच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/सञ्चालक कालो सूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संस्थापक/संचालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम उल्लेख गर्नुपर्ने :** सो नभएको ।

(घ) **संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरणहरु** : सो नभएको ।

## ग.१८. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सोको समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक सानिमा क्यापिटल लिमिटेड, सम मार्ग, नक्साल- १, काठमाण्डौंमा एउटा छुट्टै कक्षको व्यवस्था गरिएको छ । कुनै पनि लगानीकर्ताले यस निष्काशनसँग सम्बन्धित विषयमा कुनै गुनासो वा सुझावका लागि सानिमा क्यापिटल लिमिटेडका मर्चेण्ट बैंकिङ्ग प्रमुख श्रीमती रश्मी रिजाललाई निजकै कार्यकक्षमा वा कार्यालय समयभित्र फोन नं.:०१-४५४०५०८ तथा Email Address: rashmirijal.sc@sanimabank.com मार्फत सम्पर्क गरी प्रेषित गर्न सक्नेछन् ।

## ग.१९. नगद नलिई कसैलाई धितोपत्र निष्काशन गरिएको छ भने त्यस्तो व्यक्ति वा समूहको नाम, खरीद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्काशन गरिएको धितोपत्रको संख्या र दर सम्बन्धी विवरण :

सो नभएको ।

## ग.२०. ऋणपत्र निष्काशन सम्बन्धी विवरण :

हालसम्म कम्पनीले ऋणपत्र जारी गरेको छैन ।

## ग.२१. अग्राधिकार शेयर निष्काशन सम्बन्धी विवरण :

सो नभएको ।

## ग.२२. अन्य सामान्य जानकारी :

(क) **विशेषज्ञको कुनै राय भएमा, सो को विवरण** : नभएको ।

(ख) **गत तीन आर्थिक वर्ष भित्रमा कुनै संचालक, लेखापरीक्षक परिवर्तन भएको भए, सो को कारण :**

**संचालकमा भएको परिवर्तन :**

| सि.नं. | परिवर्तन भएको संचालकको नाम | परिवर्तन भएको कारण | राजिनामा स्वीकृत/बहाल अवधि समाप्त भएको मिति |
|---|---|---|---|
| १. | माधव प्रसाद मैनाली | अन्य कम्पनीमा संचालक रहेकोले । | २०७८।०५।११ |
| २. | बुद्धि वहादुर कार्की | अन्य कम्पनीमा संचालक रहेकोले । | २०७८।०५।११ |
| ३. | मोहन विक्रम कार्की | सर्वसाधारण समुहबाट संचालक प्रतिनिधिन्व गराउन | २०७९।०५।०१ |
| ४. | राजेन्द्र कुमार वि.सी. | स्वतन्त्र सञ्चालक नियुक्ती गर्न | २०७९।०५।०१ |

**लेखापरीक्षकमा भएको परिवर्तन** : लगातार ३ वर्षभन्दा बढी एकै व्यक्तिले लेखापरिक्षण गर्न नपाउने नियमानुसार लेखापरीक्षकमा परिवर्तन हुने गरेको छ । यस कम्पनीको हाल सम्मका लेखापरीक्षकहरुको विवरण देहाय बमोजिम रहेको छ ।

| सि.नं. | आ.ब | लेखापरीक्षकको नाम | परिवर्तन भएको कारण |
|---|---|---|---|
| १. | आ.व २०७०/७१ देखी २०७२/७३ सम्म | चार्टर्ड एकाण्टेण्ट संस्था श्री श्रेष्ठ एण्ड एशोसिएट्स | लगातार ३ वर्षभन्दा बढी एकै व्यक्तिले लेखापरिक्षण गर्न नपाउने नियमानुसार परिवर्तन भएको । |
| २. | आ.ब २०७३/७४ देखी २०७५/०७६ सम्म | चार्टर्ड एकाण्टेण्ट संस्था श्री एस भण्डारी एण्ड एसोसिएट्स | लगातार ३ वर्षभन्दा बढी एकै व्यक्तिले लेखापरिक्षण गर्न नपाउने नियमानुसार परिवर्तन भएको । |
| ३. | आ.ब २०७६/७७ देखी २०७७/०७८ सम्म | चार्टर्ड एकाण्टेण्ट संस्था श्री बि.आर.बि.एस एण्ड एसोसिएट्स | कम्पनीको बार्षिक साधारण सभा बाट परिवर्तत भएको । |
| ४. | आ.व २०७८/०७९ | चार्टर्ड एकाण्टेण्ट संस्था श्री कडेंल एण्ड एसोसिएट्स | साधारण सभाबाट नयाँ नियुक्ति । |

(ग) **कम्पनी सचिवको नाम, ठेगाना र योग्यता :**

नाम : दिनेश कुमार बर्तौला
ठेगाना : भिमफेदी गाउँपालिका ९, मकवानपुर ।
योग्यता : स्नातकोत्तर ।
अनुभव : सरकारी सेवामा करिब १७ बर्षभन्दा बढि लेखा तथा प्रशासन क्षेत्रमा कार्य गरेको अनुभव ।

(घ) **सार्वजनिक निष्काशन गर्नका लागि सञ्चालक समितिबाट भएको निर्णय सम्बन्धी विवरण :**

कम्पनीले आयोजना प्रभावित क्षेत्रका स्थानिय बासिन्दा तथा सर्वसाधारणहरुको लागि सार्वजनिक निष्काशनको लागि छुट्याएको आफ्नो जारी पूँजी रु.५०,००,००,०००/- (अक्षरेपी पचास करोड रुपैंया मात्र) मध्ये २०% अर्थात रु.१० करोड रकम बराबर प्रति शेयर रु.१००/– अंकित मूल्यको १०,००,००० (दश लाख) कित्ता साधारण शेयर मध्ये धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ समेतको अधिनमा रहि जारी पूँजीको १०% अर्थात रु.५,००,००,०००/– (अक्षरुपी पाँच करोड रुपैंया मात्र) रकम बराबरको रु. १००/- अंकित दरको ५,००,००० कित्ता शेयर मध्ये इलाम जिल्लाको इलाम नगरपालिका (बरबोटे) ५, इलाम नगरपालिका (सुम्बेक) २, र माईजोगमाई गाउँपालिका ५, सोयाङ्ग मा वसोवास गर्ने आयोजना अति प्रभावित स्थानियबासीको लागि ४०% अर्थात २,००,००० कित्ता र आयोजना अति प्रभावित क्षेत्र वाहेक इलाम जिल्लाको अन्य क्षेत्रमा वसोवास गर्ने वासिन्दाहरुको लागि ६०% अर्थात ३,००,००० कित्ता तथा जारी पूँजीको १०% अर्थात रु.५,००,००,०००/– (अक्षरुपी पाँच करोड रुपैंया मात्र) रकम बराबरको रु.१००/– अंकित दरको ५,००,००० कित्ता ( कम्पनीमा कार्यरत कर्मचारीलाई २% अर्थात १०,००० कित्ता तथा सामूहिक लगानी कोषहरुलाई ५% अर्थात २५,००० कित्ता समेत) सर्वसाधारणहरुमा निष्काशन गर्ने यस कम्पनीको मिति २०७९/०७/१७ गते बसेको सञ्चालक समितिको बैठक बाट निर्णय गरिएको छ।

**नोट** : नेपाल सरकारको श्रम स्विकृति लिई वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि आवेदन खुल्ला गर्ने सम्बन्धि निर्णय संचालक समितिबाट नभई नेपाल धितोपत्र बोर्डद्धारा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका २०७९ मा भएको संशोधित व्यवस्था बमोजिम गरिएको हो।

(ङ) **संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष कर सुविधा दिइएको भए, सो सम्बन्धी विवरण**: आयकर ऐन २०५८ दफा ११(३) को व्यवस्था अनुसार यस कम्पनीले विद्युत उत्पादन शुरु गरेको मितिले पहिलो दश (१०) वर्ष सम्म पुरै र त्यस पछिको पाँच (५) वर्षमा ५० प्रतिशत आयकर छुट पाउने छ।

(च) **संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय :**

कार्यालय समय भित्र निम्न लिखित स्थानहरुमा कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिनेछ :

१. कम्पनीको रजिष्टर्ड केन्द्रीय कार्यालय, का.म.न.पा.वडा नं. ३०, ज्ञानेश्वर, काठमाण्डौं।

२. धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री सानिमा क्यापिटल लिमिटेड, सम मार्ग, नक्साल- १, काठमाण्डौं।

(छ) **बोनस शेयर सम्बन्धी व्यवस्था :**

हालसम्म बोनस शेयर जारी गरिएको छैन। भविष्यमा प्रचलित ऐन र नेपाल धितोपत्र बोर्डको प्रचलित बोनस शेयर निष्काशन सम्बन्धी व्यवस्था अनुसार बोनस शेयर जारी गर्न सक्नेछ।

(ज) **शेयरवाला, कर्मचारी वा अरु कसैको लागि शेयर सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा :**

१) यस विवरणपत्र मार्फत निष्काशन गरिने १०,००,००० (दश लाख) कित्ता साधारण शेयर मध्ये ५,००,००० कित्ता आयोजना प्रभावित क्षेत्रका (इलाम जिल्लाको इलाम नगरपालिका (बरबोटे) ५, इलाम नगरपालिका (सुम्बेक) २, र माईजोगमाई गाउँपालिका ५, सोयाङ्गमा वसोवास गर्ने आयोजना अति प्रभावित स्थानियबासीको लागि ४०% अर्थात २,००,००० कित्ता र आयोजना अति प्रभावित क्षेत्र वाहेक इलाम जिल्लाको अन्य क्षेत्रमा वसोवास गर्ने वासिन्दाहरुको लागि ६०% अर्थात ३,००,००० कित्ता) स्थानीय बासिन्दाहरुका लागि निष्काशन गरिनेछ।

२) यस विवरणपत्र मार्फत निष्काशन गरिने १०,००,००० (दश लाख) कित्ता साधारण शेयर मध्ये जारी पूँजीको १०% अर्थात ५००,००० कित्ता शेयर सर्वसाधारणहरुलाई (कम्पनीमा कार्यरत कर्मचारी लाई २% अर्थात १०,००० कित्ता, नेपाल सरकारको सम्वन्धित निकायबाट श्रम स्वीकृती प्राप्त गरी विदेशमा रोजगारी गरिरहेका नेपालीका लागि १०% अर्थात ५०,००० कित्ता तथा सामूहिक लगानी कोषहरुलाई ५% अर्थात २५,००० कित्ता समेत) सर्वसाधारणहरुमा निष्काशन गरिनेछ।

३) यस विवरणपत्र मार्फत स्थानिय बासिन्दाहरुलाई निष्काशन गरिने साधारण शेयर सबै बिक्री हुन नसकी बाँकी रहेमा त्यस्तो बाँकी रहेको शेयर नियमानुसार कम्पनीमा कार्यरत कर्मचारी, विदेशमा रोजगारी गरिरहेका नेपालीहरु, सामूहिक लगानी कोषहरु तथा सर्वसाधारणहरुलाई थप गरी बिक्री गरिनेछ।

(झ) **कम्पनीले कम्पनी ऐनले गरेको व्यवस्थाहरु, आफ्नो कारोबारसंग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषण :**

कम्पनीले कम्पनी ऐन, २०६३ ले गरेको व्यवस्थाहरू आफूले गर्ने व्यवसायसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्णरुपमा पालना गरेको छ र सोही निर्देशनहरूको दायरा भित्र रहि कार्य गरिरहेको र यस विवरण-पत्रमा उल्लेख गरिएको विवरणहरू समेत सोही अनुरुप तयार गरिएको हो भन्ने कम्पनीको उद्घोषण रहेको छ।

(ञ) **धितोपत्र बिक्री वितरण सम्बन्धी व्यवस्था:**

यस विवरणपत्र मार्फत निष्काशित साधारण शेयर बिक्री वितरण गर्न सर्वसाधारणको हकमा नेपाल धितोपत्र बोर्डको आस्वा प्रणालीमा आवद्ध बैंक तथा वित्तीय संस्था मार्फत सि-आस्वा (C-ASBA) प्रणालीबाट आवेदन दिन सकिने व्यवस्था भएको हुँदा आफ्नो खाता रहेको बैंक तथा वित्तीय संस्था मार्फत वा हाल सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड (CDSC) ले प्रयोगमा ल्याएको मेरो शेयर (MERO SHARE) मार्फत शेयर खरिदका लागि आवेदन गर्न सकिनेछ। सो देखि बाहेक आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको हकमा इलाम जिल्लामा कम्तिमा चार संकलन केन्द्रको व्यवस्था गरी आवेदन फारम तथा विवरणपत्र वितरण र आवेदन फारम सहित दरखास्त रकम बुझिलिने व्यवस्था गरिनेछ।

(ट) **क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था :**

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्युर रेटिङ्ग गराउनु पर्ने भएकोले “क्रेडिट रेटिङ्ग नियमावली, २०६८” को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था इक्रा नेपाल लिमिटेडबाट मिति २५/०१/२०२३ मा इस्युर रेटिङ्ग पुनर्पुष्टि गराई "[ICRANP-IR] BBB-प्रमाणपत्र प्राप्त गरेको छ। [ICRANP-IR] BBB- ले कम्पनीको वित्तीय दायित्व बहन गर्ने क्षमता औसतमा सुरक्षित रहेको (Moderate degree of safety regarding timely servicing of financial obligations) जनाउँदछ। इक्रा नेपाल लिमिटेडले "[ICRANP-IR] AAA" देखि "ICRANP -IR] D" सम्मको रेटिङ्ग प्रदान गर्दछ। जसमा रेटिङ्ग "[ICRANP -IR] AAA" ले बलियो आधार जनाउँछ भने "[ICRANP -IR] D"] ले कमजोर आधार जनाउँछ। रेटिङ्ग संकेत पछाडि रहने + (जोड) वा - (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितीलाई जनाउदछ।

रेटिङ्ग प्रदान गरेको मिति : २५/०१/२०२३ बहाल रहने अवधिः २३/०१/२०२४

(ठ) **विवरणपत्र तयार गर्ने व्यक्तिको नाम, थर, शैक्षिक योग्यता र अनुभवको विवरण** : यस विवरणपत्र तयार पार्ने व्यवसायिक संस्थामा बिक्री प्रबन्धक सानिमा क्यापिटल लिमिटेड, सम मार्ग, नक्साल- १, काठमाण्डौ रहेको छ।

(ड) **सकारात्मक पक्षहरु :**

१) आयोजनाबाट प्राप्त हुने आयमा १० बर्षसम्म आयकर छुट तथा सो पश्चात ५ बर्षको लागि ५० प्रतिशत आयकर छुट प्राप्त भएको हुँदा लाभांश दर बढी रहेको।

२) कम्पनी सँग दक्ष युवा जनशक्ति रहेकोले यो कम्पनी नेपालमा जलविद्युत आयोजनाको विकास र निर्माणको काममा सफल रहेको।

३) जलविद्युतको क्षेत्रमा अध्ययन अनुसन्धान तथा विकास कार्यमा योजनाबद्ध ढंगले समर्पित भएर काम गरिरहेको यस कम्पनीको भविष्य उज्ज्वल रहेको।

(ढ) **धितोपत्रदर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम ९ को उपनियम ३ का व्यवस्थाहरु देहाय बमोजिम रहेको छः**

(१) **कम्पनीले आफ्नो उद्देश्य अनुसार कारोबार संचालन गर्नका लागि अवश्यक कार्यहरु अगाडि बढाई एक बर्षको अवधि पूरा गरेको** : मिति २०७४/०३/२९ गते देखि कम्पनीले आफ्नो उद्देश्य अनुसार कारोबार संचालन गर्दै आइरहेको।

(२) **प्रचलित कानून बमोजिम लेखापरीक्षण तथा साधारण सभा सम्पन्न गरेको**ः यस कम्पनीले कम्पनी ऐन, २०६३ बमोजिम साधारण सभा गर्दै आइरहेको र मिति २०७९/०४/३१ गते सम्पन्न आठौं बार्षिक साधारण सभाबाट आर्थिक वर्ष २०७९।०८० को लागि चार्टर्ड एकाउण्टेण्ट संस्था श्री कडेंल एण्ड एसोसिएट्स चार्टर्ड एकाउन्टेण्ट्सलाई कम्पनीको लेखापरिक्षकमा पून: नियुक्त गरिएको।

(३) **आफ्नो उद्देश्य अनुसार कारोवार सञ्चालन गर्नका लागि प्रचलित कानुन बमोजिम कुनै निकायबाट इजाजत, अनुमति वा स्वीकृति लिनुपर्ने भएमा त्यस्तो इजाजत, अनुमति वा स्वीकृति लिइसकेको** : यस कम्पनीले विद्युत विकास बिभागबाट मिति २०७३/११/३० गतेका दिन विद्युत उत्पादन अनुमतिपत्र प्राप्त गरी कार्य गर्दै आइरहेको।

(४) **संगठित संस्थाको लागि अवश्यक पर्ने जग्गा खरिद वा अन्य प्रकारले व्यवस्था गरी कारखाना भवन, कार्यालय भवन गोदाम घर तथा अन्य आवश्यक सुविधाहरु निर्माण कार्य शुरु गरिसकेको** : यस कम्पनीले आयोजना स्थलमा आवास गृह, कार्यालय भवन, पहुँचमार्ग आदि तयार पारी आयोजना निर्माण अन्तिम चरणमा पुऱ्याईसकेको छ।

(५) **उत्पादनको प्रविधि छनौट गरी उद्योगको लागि अवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पार्टपुर्जा आदि खरिद गर्नुपर्ने भएमा टेण्डर आदी गरी खरिद प्रक्रिया अगाडि बढाइसकेको** : यस कम्पनीको लागि आवश्यक पर्ने इलेक्ट्रो मेकानिकल उपकरण तथा त्यसका पार्टपुर्जा आदि खरिद गरिसकेको र हाल जडान कार्य सम्पन्न भईसकेको।

(६) **धितोपत्रको सार्वजनिक निष्काशन सम्बन्धमा निष्काशन तथा बिक्री प्रबन्धकसंग सम्झौता भईसकेको** : निष्काशन कम्पनी र निष्काशन तथा बिक्री प्रबन्धक विच धितोपत्र निष्काशन सम्बन्धी सम्झौता भईसकेको।

(७) **आयोजना निर्माण अवधिभर कम्पनीको ऋण र पूँजीको अनुपात धितोपत्र निष्काशन निर्देशिकामा तोकिए बमोजिम राख्न सहमत भएको** : यस कम्पनीले आयोजना निर्माण अवधिभर कम्पनीको ऋण र पूँजीको अनुपात धितोपत्र निष्काशन निर्देशिकामा तोकिए बमोजिम राख्न सहमत भई सोहि बमोजिम भएको।

(८) **संस्थापकहरुले आफुले लिन कवुल गरेको रकम शत्प्रतिशत चुक्ता भैसकेको** : संस्थापकहरुले आफुले लिन कवुल गरेको रकम रु.४०,००,००,०००/- (अक्षरेपी चालिस करोड रुपैयाँ मात्र) शत्प्रतिशत चुक्ता भईसकेको र सोको अभिलेख कम्पनी रजिष्ट्रारको कार्यालयमा समेत भईसकेको।

(९) **परियोजना निर्माणका लागि फाइनान्सियल क्लोजर भैसकेको** : यस कम्पनीले निर्माण गरेको सुपरमाई जलविद्युत आयोजनाको लागि सानिमा बैंक लिमिटेडको अगुवाईमा सिद्धार्थ बैंक लिमिटेड, सेञ्चुरी कमर्शियल बैंक लिमिटेड तथा ज्योति विकास बैंक लिमिटेडको संलग्नतामा २०७४।०३।१३ गतेका दिन फाइनान्सियल क्लोजर भैसकेको तथा परियोजना निर्माण सम्पन्न भई मिति २०७५/०७/११ गते देखि ब्यापारिक उत्पादन शुरु गरिसकेको छ। हाल सम्पूर्ण ऋण राष्ट्रिय बाणिज्य बैंक लिमिटेडमा सारिएको छ।

(१०) **जलविद्युत उत्पादन संस्था भएमा, विद्युत खरिद सम्झौता गरिसकेको** : यस कम्पनीले नेपाल विद्युत प्राधिकरणसँग मिति २०७३/१२/०६ गतेका दिन विद्युत खरिद सम्झौता गरिसकेको।

(११) **सर्वसाधारणमा निष्काशन गर्न लागेको शेयर धितोपत्र निष्काशन निर्देशिकामा तोकिए बमोजिम प्रत्याभूति गराएको** : यस कम्पनीले सर्वसाधारणमा निष्काशन गर्न लागेको शेयर धितोपत्र निष्काशन निर्देशिकामा तोकिए बमोजिम सम्झौता गरी प्रत्याभुति गराएको।

(ण) **शेयर रजिष्ट्रार सम्बन्धी व्यवस्था** : नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा सूचिकरण गरे पश्चात् शेयरको दाखिल खारेज, दस्तखत रुजु आदि सम्बन्धी कार्य यस कम्पनीको कार्यालयबाट वा कम्पनीको संचालक समितिले तोके बमोजिम शेयर रजिष्ट्रारको कार्यालयबाट हुने गरी व्यवस्था गरिनेछ।

(त) **धितोपत्र बिक्री खुल्ला अवधि :**

यस विवरणपत्र मार्फत प्रथम चरणमा आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुमा निष्काशन गरिने साधारण शेयरको लागि आबेदन दिने अवधि कम्तीमा १५ (पन्ध्र) दिन र बढीमा ३० (तीस) दिन हुनेछ साथै नेपाल सरकारको सम्वन्धित निकायबाट श्रम स्वीकृती प्राप्त गरी विदेशमा रोजगारी गरिरहेका नेपालीका लागि निष्काशन गरिएको शेयरमा आबेदन दिने अवधि १५ (पन्ध्र) दिन हुनेछ। उक्त अबधिमा आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुका लागि तथा विदेशमा रोजगारी गरिरहेका नेपालीका लागि निष्काशन गरेको शेयर पुरा विक्री नभएमा उक्त विक्री नभएको शेयर समेत थप गरी तेश्रो चरणमा सर्वसाधारणको लागि आवेदन लिने कार्य कम्तीमा चार कार्य दिनको लागि खुल्ला गरिनेछ। सो अवधिभित्र निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा संस्थागत लगानीकर्ताले समेत आबेदन गर्न पाउने गरी तेश्रो चरणको दरखास्त खुल्ला भएको मितिले वढीमा १५ दिनका लागि धितोपत्रको दरखास्त खुल्ला रहनेछ। आवश्यकताभन्दा बढी साधारण शेयरको लागि आवेदन पर्न आएमा कुनै पनि बखत साधारण शेयरको बिक्री बन्द गर्न सकिनेछ तर ४ (चार) कार्य दिनभन्दा अगाडि शेयर खरिदको लागि आवेदन लिने कार्य बन्द गरिने छैन।

**ग.२३. यस विवरणपत्रमा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन, सो मा कुनै फरक परेमा हामी संचालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने संचालक तथा विज्ञहरुको नाम तथा दस्तखत ।**

| क्र.सं. | संचालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | अशोक कुमार खड्का | अध्यक्ष | |
| २. | सबिता बर्तौला | संचालक | |
| ३. | नबराज राउत | संचालक | |
| ४. | बुद्धि बहादुर थापा | संचालक | |
| ५. | कैलाशमान राजभण्डारी | संचालक | |
| ६. | दिवस लाल मास्के | संचालक (स्वतन्त्र) | |

SanimaCapital
(A wholly owned subsidiary of Sanima Bank Ltd.)

**Ref. No: SCL/MBD/587/2078/79**

मिति: २०७९।०८।१३

**श्री नेपाल धितोपत्र बोर्ड,**
खुमलटार, ललितपुर ।

**विषय : प्रतिवद्धता पत्र ।**

महोदय,
कम्पनी ऐन २०६३ बमोजिम स्थापित श्री सुपरमाई हाइड्रोपावर लिमिटेड कामनपा-३०, ज्ञानेश्वर, काठमाण्डौले कम्पनीको जारी पूंजीको १०% ले हुने रु. १०० अंकित दरका ५,००,००० कित्ता शेयर आयोजना प्रभावित क्षेत्रका बासिन्दा तथा जारी पूंजीको १०% अर्थात रु.५,००,००,०००/– (अक्षरुपी पाँच करोड रुपैया मात्र) रकम बराबरको रु.१००/– अंकित दरको ५,००,००० कित्ता साधारण शेयर (जस मध्ये कम्पनीमा कार्यरत कर्मचारीलाई २% अर्थात १०,००० कित्ता, नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृती प्राप्त गरी विदेशमा रोजगारी गरिरहेका नेपालीका लागि १०% अर्थात ५०,००० कित्ता तथा सामूहिक लगानी कोषहरुलाई ५% अर्थात २५,००० कित्ता समेत) सर्वसाधारणहरुमा सार्वजनिक निष्काशन गर्नको लागि निष्कोशन तथा बिक्री प्रबन्धकको रुपमा सेवा दिन यस सानिमा क्यापिटल लिमिटेड मन्जुर गर्दछ । सर्वसाधारणहरुलाई साधारण शेयर जारी गर्ने क्रममा धितोपत्र सम्बन्धी ऐन, २०६३ र सम्बद्ध कानूनमा भएको व्यवस्था अनुसार शेयर बिक्री वितरण गर्ने व्यवस्था मिलाइनेछ । प्रस्तावित विवरणपत्र व्यवसायिक रुपले तयार गरिएको र निष्काशन तथा बिक्री प्रबन्ध सम्बन्धमा धितोपत्र सम्बन्धि ऐन २०६३, धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ तथा धितोपत्र सम्बन्धि ऐन, २०६३ अन्तर्गत बनेको अन्य नियमावली, विनियमावली, निर्देशिका समेतको पालना गरिएको उद्घोषण यस सानिमा क्यापिटल लिमिटेडको रहेको छ । यस निष्काशन सम्बन्धमा देहायका कुराहरु जानकारी गराइन्छ ।

१. संगठित संस्थाको विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरु तथ्यगत, पूर्ण र सही भएको र यसबाट लगानीकर्ताहरुलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ । संगठित संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययन गर्दा संगठित संस्थाले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ ।

२. धितोपत्र कारोबार नियमावली अनुसार पेश गर्नु पर्ने सम्पूर्ण कागजात र विवरणहरु प्रमाणित गरी तहाँ पेश गरिएको र प्रत्येकको एक/एक प्रति सार्वजनिक जानकारीको लागि यस कम्पनीको कार्यालयमा राखिएको छ ।

३. हाम्रो विचारमा निष्काशनकर्ता कम्पनीद्धारा निष्काशित धितोपत्र, धितोपत्र सम्बन्धी ऐन २०६३ र सो अन्तर्गत बनेका नियम तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको प्रचलित धितोपत्र सूचिकरण विनियमावली बमोजिम सूचीकरण हुन योग्य छन् ।

४. सर्वसाधारणलाई विवरणपत्र सरल तरिकाबाट वितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा निष्काशनकर्ता कम्पनी संग समन्वय गरी आवश्यक व्यवस्था मिलाइने छ ।

५. तहाँ बोर्डबाट जारी गरिएको "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" मा उल्लेखित सम्पूर्ण कुराहरुको अध्ययन गरि सो अनुरुप हुने गरी सम्बन्धित कम्पनी/संगठित संस्थाले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाइएको छ ।

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक :**
सानिमा क्यापिटल लिमिटेडको तर्फबाट

**नाम** : श्री भिष्म राज चालिसे

**पद** : प्रमुख कार्यकारी अधिकृत

**सही** :

**कार्यालयको छाप** :

SanimaCapital

Sanima Capital Limited, Narayanchour, Naxal, Kathmandu, Nepal | Tel.: +977-1-4428956/57 | Fax: +977-1-4428958 | Email: sanimacapital@sanimabank.com | www.sanima.capital

"Securities Businessperson (Merchant Banker) Licensed by SEBON"

**Saket Acharya & Associates**
Chartered Accountants

ICAN Regd. No: 1053
PAN No: 112127404
COP No: 1182

**REPORT ON EXAMINATION OF PROJECTED FINANCIAL STATEMENTS OF SUPER MAI HYDRO POWER LIMITED**

**Report on the Financial Statements**

We have reviewed the projected Financial Statements of **M/s Super Mai Hydropower Limited** in accordance with the Nepal Standard on Assurance Engagements 3400 applicable to the examination of prospective financial information for the Financials years 2078-79, 2079-80 to 2083-84.

**Opinion**

In our Opinion and to the best of our information and according to the explanations given to us, except for the matter described in the basis for opinion section of our report, the accompanying projected financial statements present fairly, in all material respects and assumptions taken for projection, the financial position of the company of mentioned periods and each financial performance and its cash flow for the year then ended.

**Basis for Opinion**

Our responsibility under those standards is further described in the "Auditor's Responsibilities for the Audit of the Financial Statement" section of our report. We are independent of the Company in accordance with the ethical requirements that are relevant to our audit of the financial statement, and we have fulfilled our ethical responsibilities in accordance with these requirements. We believe that the audit evidence we have obtained is sufficient and appropriate evidence to provide a basis for our opinion.

**Responsibilities of Management for the Financial Statements**

Management is responsible for the preparation and presentation of projection including the assumptions set out in **Note A** on which it is based. This projection has been prepared for Securities and Exchange Board of Nepal (SEBON) for the purpose of issuing IPO.

The projection has been prepared using a set of assumptions that include hypothetical assumptions about future events and management's actions that are not necessarily expected to occur. Consequently, readers are cautioned that this projection may not be appropriate for purposes other than that described above.

Saket Acharya

Saket Acharya & Associates * Chartered Accountants * Kathmandu

Kathmandu, Nepal
Contact No: +977 9847910105
Email: casaketacharya@gmail.com

**Auditor's Responsibilities**

Our objectives are to obtain reasonable assurance about whether the financial statements as a whole are free from material misstatement, whether due to fraud or error, and to issue an Auditor's Report that includes our opinion.

Based on our examination of the evidence supporting the assumptions, nothing has come to our attention which causes us to believe that these assumptions do not provide a reasonable basis for the projection, assuming the facts as set out in **NOTE A**.

Further, in our opinion the projection is properly prepared based on the assumptions and estimates applicable to the entity. Even if the events anticipated under the hypothetical assumptions described above occur, actual results are still likely to be different from the projection since other anticipated events frequently do not occur as expected and the variation may be material.

**Emphasis of Matter: Restriction on Distribution & Use**

We draw attention that these Projected financial statements are prepared as per the requirement to issue equity shares. As a result, our report and the attached projected financials may not be suitable for another purpose other than for the purpose of complying the norms of issuing shares. Our report is intended solely for the purpose of issuing shares as mentioned above and should not be used other than mentioned. Our opinion is not modified in respect of this matter.

**For Saket Acharya & Associates**

Chartered Accountants

Saket Acharya

Saket Acharya & Associates * Chartered Accountants * Kathmandu

CA Saket Acharya

(Principal)

Dated: 24th August 2022

UDIN: 220824CA017342cscC

Place: Kathmandu, Nepal

**Super Mai Hydropower Limited**
KMC-10, Thapagaun, Kathmandu, Nepal

**Statement of Financial Position**
As on Ashadh 31, 2084

Figures in NRs

| Particulars | Note | 2076-77 (Audited) | 2077-78 (Audited) | 2078-79 (Audited) | 2079-80 (Projected) | 2080-81 (Projected) | 2081-82 (Projected) | 2082-83 (Projected) | 2083-84 (Projected) |
|---|---|---|---|---|---|---|---|---|---|
| **Equity & Liabilities** | | | | | | | | | |
| **Equity** | | | | | | | | | |
| Equity Share Capital | 1 | 395,000,000 | 400,000,000 | 400,000,000 | 500,000,000 | 500,000,000 | 500,000,000 | 500,000,000 | 500,000,000 |
| Reserve & Surplus | 2 | 28,782,334 | 46,170,866 | 123,021,888 | 121,831,446 | 154,553,325 | 204,670,882 | 268,146,690 | 334,934,424 |
| **Total Equity** | | **423,782,334** | **446,170,866** | **523,021,888** | **621,831,446** | **654,553,325** | **704,670,882** | **768,146,690** | **834,934,424** |
| **Non-Current Liabilities** | | | | | | | | | |
| Long Term Loan | 3 | 1,055,780,000 | 1,008,920,000 | 941,490,000 | 791,490,000 | 712,345,000 | 616,700,000 | 506,700,000 | 396,700,000 |
| **Total Non-Current Liabilities** | | **1,055,780,000** | **1,008,920,000** | **941,490,000** | **791,490,000** | **712,345,000** | **616,700,000** | **506,700,000** | **396,700,000** |
| **Current Liabilities** | | | | | | | | | |
| Trade & Other Payable | 4 | - | 552,500 | 1,726,356 | - | - | - | - | - |
| Other Current Liabilities | 5 | 8,144,783 | 3,117,781 | 2,133,904 | 2,704,572 | 2,215,304 | 2,317,656 | 2,397,016 | 2,484,083 |
| Provisions | 6 | 942,691 | 1,347,060 | 4,116,871 | 3,612,972 | 4,036,011 | 4,260,901 | 4,515,061 | 4,767,812 |
| **Total Current Liabilities** | | **9,087,474** | **5,017,340** | **7,977,131** | **6,317,544** | **6,251,316** | **6,578,557** | **6,912,077** | **7,251,895** |
| **Total Equity & Liabilities** | | **1,488,649,808** | **1,460,108,207** | **1,472,489,019** | **1,419,638,990** | **1,373,149,641** | **1,327,949,439** | **1,281,758,767** | **1,238,886,318** |
| **Assets** | | | | | | | | | |
| **Non Current Assets** | | | | | | | | | |
| Property, Plant and Equipment | 7 | 3,371,530 | 2,820,867 | 2,952,952 | 2,269,448 | 1,743,937 | 1,339,120 | 1,043,715 | 805,321 |
| Intangible Assets | | 1,405,312,019 | 1,376,288,009 | 1,358,049,940 | 1,312,008,875 | 1,265,967,810 | 1,219,926,745 | 1,173,885,680 | 1,127,844,615 |
| **Total Non Current Assets** | | **1,408,683,549** | **1,379,108,876** | **1,361,002,893** | **1,314,278,323** | **1,267,711,747** | **1,221,265,865** | **1,174,929,395** | **1,128,649,936** |
| **Current Assets** | | | | | | | | | |
| Inventory | 8 | - | - | 1,411,005 | 567,224 | 401,318 | 371,016 | 367,863 | 370,169 |
| Trade & Other Receivable | 9 | 43,294,382 | 40,688,760 | 48,224,285 | 41,552,263 | 42,798,831 | 42,798,831 | 42,798,831 | 42,798,831 |
| Cash & Cash Equivalents | 10 | 30,709,762 | 37,877,319 | 58,810,607 | 59,657,446 | 59,687,813 | 60,962,242 | 61,078,694 | 63,731,212 |
| Other Current Assets | 11 | 5,962,115 | 2,433,252 | 3,040,229 | 3,583,733 | 2,549,931 | 2,551,486 | 2,583,984 | 3,336,171 |
| **Total Current Assets** | | **79,966,259** | **80,999,331** | **111,486,126** | **105,360,666** | **105,437,894** | **106,683,574** | **106,829,371** | **110,236,382** |
| **Total Assets** | | **1,488,649,808** | **1,460,108,207** | **1,472,489,018** | **1,419,638,990** | **1,373,149,641** | **1,327,949,439** | **1,281,758,767** | **1,238,886,318** |

*For and On behalf of board*

*Ashok Kumar Khadka*
*Chairman*
*Super Mai Hydro Power Public Ltd.*

*Dinesh Kumar Bartaula*
*Chief Executive Officer*
*Super Mai Hydro Power Public Ltd.*

*CA Saket Acharya*
*Principal*
*Saket Acharya & Associates*

Saket Acharya & Associates ★ Chartered Accountants ★ Kathmandu

Supermai Hydropower

**Super Mai Hydropower Limited**
KMC-10, Thapagaun, Kathmandu, Nepal

**Statement of Proft or Loss**
For the Year Ended Ashadh 31, 2084

Figures in NRs

| Particulars | Note | 2076-77 (Audited) | 2077-78 (Audited) | 2078-79 (Audited) | 2079-80 (Projected) | 2080-81 (Projected) | 2081-82 (Projected) | 2082-83 (Projected) | 2083-84 (Projected) |
|---|---|---|---|---|---|---|---|---|---|
| Revenue | 12 | 217,285,674 | 211,359,973 | 245,413,850 | 252,776,266 | 260,359,554 | 260,359,554 | 260,359,554 | 260,359,554 |
| Cost of Sales | 13 | (14,992,354) | (17,385,344) | (17,526,016) | (20,181,544) | (19,907,614) | (20,032,829) | (20,275,426) | (20,549,045) |
| **Gross Profit/(Loss)** | | **202,293,320** | **193,974,629** | **227,887,834** | **232,594,722** | **240,451,940** | **240,326,725** | **240,084,128** | **239,810,509** |
| Other Income | 14 | 697,082 | 201,798 | 20,459,647 | 4,950,000 | 4,950,000 | 4,950,000 | 4,950,000 | 4,950,000 |
| Administrative Expenses | 15 | (5,926,481) | (4,302,052) | (6,876,607) | (6,259,980) | (6,410,486) | (6,510,887) | (6,628,807) | (6,750,573) |
| Depreciation & Amortization | 7 | (45,578,991) | (45,468,912) | (45,891,839) | (46,724,569) | (46,566,577) | (46,445,882) | (46,356,470) | (46,279,459) |
| **Net Profit from Operation** | | **151,484,931** | **144,405,463** | **195,579,036** | **184,560,173** | **192,424,878** | **192,319,956** | **192,048,851** | **191,730,477** |
| Finance Cost | 17 | (104,782,357) | (97,128,425) | (69,078,084) | (63,325,801) | (56,994,267) | (49,342,734) | (40,542,801) | (31,742,869) |
| **Net Profit Before Staff bonus** | | **46,702,573** | **47,277,038** | **126,500,951** | **121,234,372** | **135,430,611** | **142,977,223** | **151,506,050** | **159,987,608** |
| Provision for Staff Bonus | 16 | 942,691 | 954,899 | 2,530,019 | 2,424,813 | 2,708,733 | 2,859,665 | 3,030,242 | 3,199,874 |
| **Net Profit Before Tax (NPBT)** | | **45,759,882** | **46,322,139** | **123,970,932** | **118,809,559** | **132,721,878** | **140,117,557** | **148,475,808** | **156,787,734** |
| **Tax Expense** | | | | | | | | | |
| Current Tax | | - | - | - | - | - | - | - | - |
| Deferred Tax | | - | - | - | - | - | - | - | - |
| **Net Profit after Tax (NPAT)** | | **45,759,882** | **46,322,139** | **123,970,932** | **118,809,559** | **132,721,878** | **140,117,557** | **148,475,808** | **156,787,734** |

*For and On behalf of board*

*Ashok Kumar Khadka*
*Chairman*
*Super Mai Hydro Power Public Ltd.*

*Dinesh Kumar Bartaula*
*Chief Executive Officer*
*Super Mai Hydro Power Public Ltd.*

*CA Saket Acharya*
*Principal*
*Saket Acharya & Associates*

Saket Acharya & Associates * Chartered Accountants * Kathmandu

Supermai Hydropower

Supermai Hydropower

## Super Mai Hydropower Limited
KMC-10, Thapagaun, Kathmandu, Nepal

**Statement of Cash Flows**
For the Year Ended Ashadh 31, 2084

*Figures in NRs*

| Particulars | 2076-77 (Audited) | 2077-78 (Audited) | 2078-79 (Audited) | 2079-80 (Projected) | 2080-81 (Projected) | 2081-82 (Projected) | 2082-83 (Projected) | 2083-84 (Projected) |
|---|---|---|---|---|---|---|---|---|
| **Cash Flow From Operating Activities:** | | | | | | | | |
| Profit/(Loss) for the year | 45,759,882 | 46,322,139 | 123,970,932 | 118,809,559 | 132,721,878 | 140,117,557 | 148,475,808 | 156,787,734 |
| **Adjustment for:** | | | | | | | | |
| Depreciation & Amortization | 45,578,991 | 45,468,912 | 45,891,839 | 46,724,569 | 46,566,577 | 46,445,882 | 46,356,470 | 46,279,459 |
| Finance Cost | 104,782,357 | 97,128,425 | 69,078,084 | 63,325,801 | 56,994,267 | 49,342,734 | 40,542,801 | 31,742,869 |
| Other Income | - | (201,798) | (20,459,647) | (4,950,000) | (4,950,000) | (4,950,000) | (4,950,000) | (4,950,000) |
| **Cash Flow from Operating activities before changes in W/C** | **196,121,230** | **188,717,678** | **218,481,208** | **223,909,929** | **231,332,722** | **230,956,173** | **230,425,079** | **229,860,062** |
| **Cash Flow From Operating Activities:** | | | | | | | | |
| Changes in Current Assets | (19,303,690) | 6,134,485 | (9,553,507) | 6,972,299 | (46,860) | 28,748 | (29,345) | (754,493) |
| Changes in Current Liabilities & Provisions | (3,361,884) | (4,070,134) | 2,959,791 | (1,659,587) | (66,228) | 327,241 | 333,520 | 339,818 |
| **Cash Flow From Operating Activities** | **173,455,656** | **190,782,029** | **211,887,492** | **229,222,640** | **231,219,634** | **231,312,162** | **230,729,253** | **229,445,387** |
| Other Prior Year Adjustment | 432,000 | - | - | - | - | - | - | - |
| **Net Cash Flow From Operating Activities (A)** | **173,887,656** | **190,782,029** | **211,887,492** | **229,222,640** | **231,219,634** | **231,312,162** | **230,729,253** | **229,445,387** |
| **Cash Flow from Investing Activities** | | | | | | | | |
| Acquisition of Property, Plant & Equipment | (734,350) | (266,796) | (872,233) | - | - | - | (20,000) | - |
| Addition to Intangibles | (6,987,758) | (15,627,443) | (26,913,623) | - | - | - | - | - |
| **Net Cash Flow From Investing Activities (B)** | **(7,722,108)** | **(15,894,239)** | **(27,785,856)** | **-** | **-** | **-** | **(20,000)** | **-** |
| **Cash Flow from Financing Activities** | | | | | | | | |
| Changes in Share Capital | - | 5,000,000 | - | 100,000,000 | - | - | - | - |
| Share Issue Cost | - | (659,900) | (1,119,911) | - | - | - | - | - |
| Dividend to Shareholders | - | (28,273,705) | (46,000,000) | (120,000,000) | (100,000,000) | (90,000,000) | (85,000,000) | (90,000,000) |
| Changes of Bank Loan | (31,336,813) | (46,860,000) | (67,430,000) | (150,000,000) | (79,145,000) | (95,645,000) | (110,000,000) | (110,000,000) |
| Finance Cost | (104,782,357) | (97,128,425) | (69,078,084) | (63,325,801) | (56,994,267) | (49,342,734) | (40,542,801) | (31,742,869) |
| Finance Income | - | 201,798 | 20,459,647 | 4,950,000 | 4,950,000 | 4,950,000 | 4,950,000 | 4,950,000 |
| **Net Cash Flow From Financing Activities (C)** | **(136,119,170)** | **(167,720,232)** | **(163,168,348)** | **(228,375,801)** | **(231,189,267)** | **(230,037,734)** | **(230,592,801)** | **(226,792,869)** |
| **Total Cash Flow From All Activities (A+B+C)** | **30,046,377** | **7,167,558** | **20,933,288** | **846,839** | **30,367** | **1,274,428** | **116,452** | **2,652,518** |
| Opening Cash & Cash Equivalent | 663,385 | 30,709,762 | 37,877,319 | 58,810,607 | 59,657,446 | 59,687,813 | 60,962,242 | 61,078,694 |
| **Closing Cash & Cash Equivalent** | **30,709,762** | **37,877,319** | **58,810,607** | **59,657,446** | **59,687,813** | **60,962,242** | **61,078,694** | **63,731,212** |

*For and On behalf of board*

*Ashok Kumar Khadka*
*Chairman*
*Super Mai Hydro Power Public Ltd.*

*Dinesh Kumar Bartaula*
*Chief Executive Officer*
*Super Mai Hydro Power Public Ltd.*

*CA Saket Acharya*
*Principal*
*Saket Acharya & Associates*

Saket Acharya & Associates ★ Chartered Accountants ★ Kathmandu

Supermai Hydropower

Supermai Hydropower